# मैत्री करुणा धर्मचक्र महाविहार (जमबाहाः)
# एक सांस्कृतिक अध्ययन

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र अध्ययन संस्थान
संकाय अन्तर्गत बौद्ध अध्ययन विषयमा स्नातकोत्तर तह
दोश्रो वर्षको दशौं पत्र परिपूर्तिको निमित्त
बौद्ध अध्ययन केन्द्रिय विभाग त्रि.वि.वि.,
कीर्तिपुर, काठमाडौंमा प्रस्तुत

## शोधपत्र

शोधकर्ताः
ज्ञानीन्द्ररत्न बज्राचार्य
शैक्षिक सत्र २०६४/०६५
त्रि. वि. दर्ता नं. ३०-०६०६५४-१

**बौद्ध अध्ययन केन्द्रिय विभाग**
मानविकी तथा सामाजिक शास्त्र संकाय
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर, काठमाडौं, नेपाल
२०७२ चैत्र

# सिफारिस पत्र

यस त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र संकाय अन्तर्गत बौद्ध अध्ययन केन्द्रीय विभागका छात्र श्री ज्ञानीन्द्र रत्न बज्राचार्य (शै.स. २०६४/०६५) ले **मैत्री करुणा धर्मचक्र महाविहार (जमबाहा:)** शीर्षकको शोत्रपत्र स्नातकोत्तर उपाधिको परीक्षा पूरा गर्नको लागि मेरो निर्देशनमा तयार गरेको हो । प्रस्तुत शोधपत्र स्वीकृतिको निमित्त सिफारिस गर्दछु ।

सह प्राध्यापक **डा. मिलनरत्न शाक्य**
सोध निर्देशक
बौद्ध अध्ययन केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय
कीतिपुर, काठमाडौं ।

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र संकाय अन्तर्गत बौद्ध अध्ययन विषयको स्नातकोत्तर उपाधिको आंशिक आवश्यकता पूरा गर्नका लागि शौक्षिक सत्र २०६४/२०६५ का छात्र श्री ज्ञानीन्द्ररत्न बज्राचार्यद्वारा बौद्ध अध्ययन केन्द्रीय विभागमा प्रस्तुत **मैत्री करुणा धर्मचक्र महाविहार (जमबाहाः) सास्कृतिक अध्ययन** शोधपत्रलाई स्वीकृति प्रदान गरिएको छ ।

शोधपत्र मूल्यांकन समिति

| क. सं. | नाम | हस्ताक्षर |
|---|---|---|
| १. | सह प्राध्यापक डा. मिलन रत्न शाक्य<br>विभागीय प्रमुख<br>बौद्ध अध्ययन केन्द्रीय विभाग<br>कीर्तिपुर, काठमाडौं | ................................... |
| २. | प्रा. डा. त्रिरत्न मानन्धर<br>बाह्य परीक्षक | ................................... |
| ३. | सह प्राध्यापक डा. मिलन रत्न शाक्य<br>शोध निर्देशक<br>बौद्ध अध्ययन केन्द्रीय विभाग<br>कीर्तिपुर, काठमाडौं | ................................... |

# कृतज्ञता ज्ञापन

त्रिभुवन विश्वविद्यालय मानविकी सामाजिक शास्त्र संकाय अन्तर्गत बौद्ध अध्ययन विषयमा स्नात्तकोत्तर तहको द्वितीय वर्षको दशौं पत्रको पाठयांशको आंशिक परिपूर्तिको लागि प्रस्तुत गरेको शोधपत्रको विषय **मैत्री करुणा धर्मचक्र महाविहार (जमबाहाः) एक सांस्कृतिक अध्ययन** लिएको छु । यस अनुसन्धानले यस सम्वन्धी अध्ययन गर्न चाहने र रुची भएका सबैलाई अवश्यनै फाइदा पुग्ने आशा गरेको छु ।

यस कार्यमा विभिन्न महानुभावहरु एवं शुभचिन्तकहरुले निस्वार्थ भावनाले मलाई सहयोग गर्नु भएको छ । मेरो शोधपत्रको विषयसंग सम्बन्धित विभिन विद्धानहरु तथा गुरुहरुको प्रकाशित ग्रन्थहरु बाट पनि मलाई यो शोधपत्र तयार गर्न मद्दत पुगेको छ । अतः अग्रज लेखकहरु प्रति म हृदय देखिनै कृतज्ञ छु । यस **मैत्री करुणा धर्मचक्र महाविहार (जमबाहाः) एक सांस्कृतिक अध्ययन** विषयमा शोधपत्र लेख्नको लागी स्वीकृति प्रदान गर्नु भएकोमा बौद्ध अध्ययन केन्दीय विभाग मानविकी तथा सामाजिक शास्त्र संकाय, त्रिभुवन विश्वविद्यालय कीर्तिपुर एवं आदरणीय गुरु बिभागीय प्रमुख डा. श्री मिलन रत्न शाक्यज्यू प्रति म कृतज्ञता ज्ञापन गर्दछु । यस शोधपत्रको विषयमा अशुद्धता सच्याउन सरसल्लाह दिनहुने मेरो बुबा बौद्ध विद्वान एवं साहित्यकार फणीन्द्ररत्न बज्राचार्यज्यू प्रति म हृदय देखिनै कृतज्ञता ज्ञापन गर्दछु ।

मलाई शोधपत्रको तयारीको सिलसिलामा आफ्नो संकलनमा रहेका ग्रन्थहरु उपलब्ध गरिदिनुको साथै शोधपत्र लेख्न घच्घच्याई रहने दाजु सहप्राध्यापक मुनीन्द्ररत्न बज्राचार्यज्यू प्रति म कृतज्ञता ज्ञापन गर्दछु ।

शोधपत्रको लेखनको शिलशिलामा भेटवार्ता गरी सूचना एवं सामाग्रीहरु उपलब्ध गराई सहयोग गरिदिनु हुने यस जमबाहाःको वर्तमान थकाली एवं पूजनीय ससुरा पिता मोहनमान बज्राचार्यज्यू प्रति पनि म नतमस्तक छु । साथै शोधपत्रको लेखनको सिलसिलामा अन्तर्वार्ता दिनुभई महत्वपूर्ण सूचनाहरु उपलब्ध गराई सहयोग गरिदिनु हुने यस विहारका सदस्य बौद्ध विद्वान श्री यज्ञमानपति बज्राचार्यज्यू प्रति कृतज्ञता ज्ञापन गर्दछु ।

अन्तमा यो शोधपत्र तयार गर्न अन्य विभिन्न किसिमले सहयोग गरिदिनु हुने ई. कसम रत्न बज्राचार्य, रमेशमान बज्राचार्य, राजेशमान बज्राचार्य, रवीन्द्र बज्राचार्य, सामाग्री टाईप गरिदिनुहुने ग्राफिक लिंकको प्रोपराइटर मोहन महर्जन र अन्य सहयोगी सम्पूर्ण महानुभावहरुलाई पनि धन्यवाद व्यक्त गर्दछु ।

धन्यवाद ।

२०७३ बैशाख

-----------------

ज्ञानीन्द्र रत्न बज्राचार्य

# विषयसूचि


**विषय** | **पृष्ठ**

**प्रथम परिच्छेद**
परिचय खण्ड
१.१ शोध परिचय १-२
१.२ समस्या कथन २
१.३ उद्देश्य २
१.४ अध्ययनको महत्व २-३
१.५ पूर्व साहित्य समिक्षा ३
१.६ शोधपत्रको औचित्य ४
१.७ अध्ययनको क्षेत्र र सीमा ४
१.८ अध्ययन प्रणाली ४
१.९ समयावधि ५
१.१० भाषा ५

**द्वितीय परिच्छेद**
२.१ नेपालमा बौद्ध धर्मको प्रवेश ६-७
२.२ नेपालमा बिहार परम्परा र यसको विकाश ७-१२

**तृतीय परिच्छेद**
३.१ मैत्री करुणा धर्मचक्र महाबिहार (जमबाहाः) को नालीबेली १३-१८
३.२ मैत्री वोधिसत्वको संक्षिप्त परिचय १८-२१

**चतुर्थ परिच्छेद**
४.१ मैत्री करुणा धर्मचक्र महाबिहार (जमबाहाः) को वास्तुकला २२-२४
४.२ मैत्री करुणा धर्मचक्र महाबिहार (जमबाहाः) को विशेषता २४-२५

**पाँचौं परिच्छेद**
५.१ मैत्री करुणा धर्मचक्र महाबिहार (जमबाहाः) मा मनाइने पर्वपूजा २६-२७
५.२ मैत्री करुणा धर्मचक्र महाबिहार (जमबाहाः) को वर्तमान अवस्था २७-२८

**छैठैं परिच्छेद**
६.१ उपसंहार एवं निष्कर्ष २९

**परिशिष्ट**

I) अभिलेख ३०-३३
II) सन्दर्भ ग्रन्थ सूचि ३४
III) नक्सा ३५-३६
IV) हर्षमानपतिको वंशवृक्ष ३७-३८
V) अन्तर्वार्ता सूची ४९-४०
VI) चित्रफलक ४१-६१

# प्रथम परिच्छेद

## परिचय खण्ड

### १.१ शोध परिचय :

नेपालभूमि प्राचिनकाल देखिनै विभिन्न धर्म र सम्प्रदायको विकास र अभ्यास गर्न थालेको रुपमा रहदै आएको छ । त्यसैले यहाँ कुनै पनि धर्म र सम्प्रदायसंग सम्बन्धित अनुयायीहरुले आ-आफ्नो क्षेत्रमा स्वतन्त्र र समन्वयात्मक तरिकाबाट आफ्नो कला, वास्तुकला र धार्मिक मत र विश्वासको विकास गरेको कुरा इतिहासले वताएको छ ।

नेपालमा शाक्यमुनि बुद्धको जीवनकालमा नै बौद्ध धर्मको प्रचार प्रसार भै सकेको भन्ने कुरा मूल सर्वास्तिवाद विनयसूत्रमा उल्लेख गरेको छ । बौद्धधर्मको प्रचार प्रसार संगसंगै बौद्ध बिहारको स्थापना पनि बुद्धकालिन समयमै भएको देखिन्छ । बुद्धकालीन समयमा नेपालमा किरातहरुको शासन थियो । अतः बौद्ध बिहारहरुको स्थापना किरातकाल देखि शुरु भएको देखिन्छ तर लिच्छविकालमा आएर नेपालमा बौद्ध बिहारहरुको स्थापना गर्ने परम्परा व्यापक रुपमा भएको देखिन्छ । लिच्छविकालको केही शिलालेखमा आर्य भिक्षुसंघबारे उल्लेख गरेको छ । त्यस्तै लिच्छविकालकै अर्को शिलालेखमा महासांधिक भिक्षुक संघबारे उल्लेख गरिएको छ । भिक्षुसंघ जस्तै भिक्षुणी संघ पनि प्राचिन कालदेखि नै रही आएको कुरा एउटा लिच्छिविकालिन शिलालेखमा उल्लेख भएबाट पुष्टी हुन्छ । त्यस शिलालेखमा "चातुविश महायान संप्रदायको आर्य भिक्षुणी संघ" भनेर उल्लेख गरेको छ । त्यस्तै मुसुंबहालको एक अभिलेखमा भिक्षुणीसंघको उल्लेख गरेको पाइन्छ । यसरी प्राचिन समयदेखि नै नेपालमा बिहारहरु बौद्ध धर्मालम्वीहरुको शिक्षाको केन्द्र रहेको र माथि उल्लेखित भिक्षु संघहरु र यसका सदस्यहरु वस्नका लागि बिहारहरु वनेको कुरा यसबाट पुष्टी हुन्छ ।

मल्लकालमा आएपछि नेपालमा बौद्ध बिहारहरुको स्थापनामा तिव्रता आएको देखिन्छ । नेपालको काठमाडौ उपत्यका भित्र काठमाडौ (कान्तिपुर) मा स्थापना गरिएका १०५ बहाल र २८ वहीहरु छन् । यी बिहारहरु मध्ये हाल १८ महाबिहारहरुलाई मूल बिहारको रुपमा लिएका छन् । यी मूल बिहारहरु अन्तर्गत कच्चवहा, कच्चावहीको रुपमा विभिन्न बिहारहरु राखेका छन् । यसै अनुसार शोघ पत्रको लागि छनौट गरिएको बिहार मैत्री करुणा धर्मचक्र महाबिहार (जमबाहाः) अन्य बिहारको रुपमा पर्दछ । यसलाई कच्चा बाहाःको रुपमा लिएको देखिदैन । प्राकृतिक तथा सांस्कृतिक सम्पदाले सम्पन्न भएर पनि नेपालका सम्पदाहरु दिनहुँ लोप हुने क्रम बढ्दो छ । दैनिक जीवन शैली परिवर्तन गर्दै जाने परम्परागत सांस्कृतिक एवं सामाजिक गतिविधिहरु बिस्तारै छोड्दै जाने तथा पाश्चात्य संस्कृतिको प्रभावले गर्दा यहाँको मौलिकताहरु दिनहुँ ह्रासोन्मुख अवस्थाबाट गुज्रिरहेको छ । अर्को तर्फ भएको सम्पदालाई बिगार्ने, अतिक्रमण गर्ने जस्ता खराब कार्यले नेपालको अमूल्यनीधिहरु लोप हुदै जान थालेको छ ।

यसरी क्रमिक रुपमा हराउँदै, नासिदै लोप हुन लागेको नेपालको गौरव बोकेको सांस्कृतिक तथा ऐतिहासिक गाथा बोकेको निधिहरु मध्ये काठमाडौ उपत्यकाको जमल टोलमा रहेको मैत्री करुणा धर्मचक्र महाबिहार (जमबाहा:) पनि एक हो । यी बिहारहरुमा हुने परम्परा देखि चलिआएको विभिन्न सांस्कृतिक गतिविधि, रीतिरिवाज आर्थिक कमजोरीका कारण नाममात्रको गतिविधिमा सीमित हुन पुगेको छ भने अर्को कुरा सांस्कृतिकनिधि नाश गर्ने र अतिक्रमण गर्ने प्रवृत्तिले गर्दा लोप हुन लागेको अमूल्य सम्पदाबारे नयाँ पुस्ताहरुलाई जानकारी समेत हुन सकेन ।

यसरी विभिन्न आर्थिक, सामाजिक, विसंगतिको कारणले विलुप्त हुन लागेको सांस्कृतिक, ऐतिहासिक, धार्मिक दृष्टिकोणले महत्वपूर्ण भएको बिहार बारे आजको पुस्ताले केही थाहा पाओस् र केही गरोस् भन्ने अभिप्रायले शोधपत्रको लागि यस विषय चयन गरिएको हो । शोधपत्रको मुख्य शीर्षक मैत्री करुणा धर्मचक्र महाबिहार (जमबाहा:) एक सांस्कृतिक अध्ययन हो ।

## १.२ समस्या कथन

मैत्री करुणा धर्मचक्र महाबिहार (जमबाहा:) को ऐतिहासिक तथ्यहरुबारे जनताहरुलाई राम्ररी जानकारी नभएकोले शोधकार्यको माध्यमबाट ऐतिहासिक कुराहरु खोतलेर जनसमक्ष प्रस्तुत गर्ने । दोस्रो कार्य भनेको बिहारको सांस्कृतिक पक्षबारे जनसमक्ष जानकारी गराउने, तेस्रो कार्य बिहारको वास्तुकला बारे बढी जानकारी उपलव्ध गराउने र चौथो कार्य बिहारको वर्तमान अवस्थाबारे विस्तृत रुपले जानकारी गराउने ।

## १.३ उद्देश्य

कुनैपनि कार्यको पछाडि अवश्यनै कुनै उद्देश्य हुन्छ । यस शोधकार्यको पनि निम्न उद्देश्य रहेका छन् :

क) मैत्री करुणा धर्मचक्र महाबिहार (जमबाहा:)को ऐतिहासिक पक्षको जानकारी प्राप्त गर्नु ।

ख) मैत्री करुणा धर्मचक्र महाबिहार (जमबाहा:)को वास्तुकला, संघ, परम्परा, रीतिरिवाज, चाडपर्वबारे जानकारी लिनु ।

ग) यस बिहारको वर्तमान अवस्था र गतिविधि बारे जानकारी लिनु ।

## १.४ अध्ययनको महत्व :

काठमाडौं उपत्यका (कान्तिपुर)मा रहेका १८ वटा मूल महाबिहारहरु बारे मात्र थुप्रै लेख रचना, पुस्तकहरु प्रकासित गरेको पाइन्छ । यो मैत्री करुणा धर्मचक्र महाबिहार (जमबाहा:) काठमाडौं उपत्यका (कान्तिपुर) मा रहेका १८ वटा महाबिहारहरुमा नपरेका र कच्चा बहा:को रुपमा रहेको हुनाले हालसम्म सिलसिलावद्ध रुपमा यसको विविध पक्षहरु बारे अध्ययन, अनुसन्धान भएको नेदेखिएकोले यो शोध पत्र तयार भएपछि भविष्यमा यस

बिहारको बारे गरिने अध्ययन अनुसन्धानमा आंशिक रुपले भएपनि सघाउ पुऱ्याउँछ भन्ने शोधकर्ताको धारणा छ ।

## १.५ पूर्व साहित्य समीक्षाः

क) **John K Locke** ले ई.सं. १९८५ मा प्रकाशित गर्नु भएको **Buddhist Monasteries of Nepal** भन्ने पुस्तकको पेज नं. ४०४ मा फोटो सहित यस बिहारको संक्षिप्त परिचय दिएको छ ।

ख) **John K Locke** ले ई.स. १९८० मा प्रकाशित गर्नु भएको **Karunamaya** पुस्तकको पेज नं. १५८ देखि १६० सम्म जमबाहा: र जनबहाद्यो (सेतो मच्छेन्द्रनाथ) को ऐतिहासिक र प्राचिन सम्वन्धबारे उल्लेख गरेको छ ।

ग) **रत्नकाजी, विजयरत्न वज्राचार्य** को **नेपाः देया बिहारया ताचा सवलबहाल, यैं,** वि.सं. २०३९ पेज नं. २३ मा यस बिहार अशोक मण्डप जमल एवं कान्तिपुर महानगर अर्न्तगत परेको बिहार भनेर उल्लेख गरेको छ । बिहारको संस्कृत र प्रचलित नाम समेत उल्लेख गरेको छ ।

घ) **कमलमान वज्राचार्य** को **जमलबहालको सारांश परिचय** वि.सं. २०६१ मा यस बिहारबारे छोटकरीमा फोटो सहित वर्णन गरिएको छ ।

ङ) **शान्तिका लागि बहाःपूजा र बुद्धपूजा** वि.सं. २०६२ मा सालमा **ल्याएम्ह धिमे पुचः**द्वारा प्रकाशित पुस्तकमा **राजेन्द्रमान वज्राचार्य**ले लेख्नुभएको लेखमा यस बिहारबारे संक्षिप्त फोटो सहित वर्णन गरिएको छ ।

च) **चिभाद्यःया स्थापना र चिभाःपूजा** वि.सं. २०५८ मा **सर्वज्ञरत्न वज्राचार्य**द्वारा सम्पादन गरिएको **गोपाल वज्राचार्य**को स्मृतिमा प्रकासित पुस्तकमा केही विद्वानहरुले लेखेको लेखमा यस बिहार सम्बन्धी केहि महत्वपूर्ण कुराहरु उल्लेख गरिएको छ ।

छ) **मुनीन्द्ररत्न वज्राचार्य** को **नेपालको चार प्रसिद्ध करुणामय लोकेश्वर** २०५८ मा प्रकासित अमोघपास लोकेश्वर (जन्माद्यो) को वर्णन गर्ने क्रममा यस बिहारबारे केही प्रंसग उल्लेख गरेको पाइन्छ ।

ज) **तिर्थरत्न शाक्य** को **नेपाल मण्डलका बौद्धहरुको धार्मिक अभ्यास र जीवन शैली** वि.सं. २०६५ मा जमल र जन्माद्यो (सेतो मच्छेन्द्रनाथ) को सम्वन्धबारे केही कुरा उल्लेख गरेको पाइन्छ ।

यसरी पूर्वग्रन्थहरुको समिक्षा गर्दा सामान्य परिचय र जानकारी बाहेक विस्तृत रुपमा कुनै पनि विद्वानहरुले यसको मूल संरचनाबारे कसैले पनि उल्लेख नगरी अधुरो भएको देखी सो अधुरो कार्य केही हदसम्म भए पनि पुरा गर्ने प्रयास भएको छ ।

### १.६ शोधपत्रको औचित्य :

धेरै नेपाली तथा विदेशी विद्वानहरुले बौद्ध बिहारसंग सम्वन्धीत थुप्रै सामग्रीहरु नेपाली र अंग्रेजी भाषामा प्रकाशित गरिसकेका छन् । त्यसमा पनि काठमाडौं उपत्यकाको देआचार्य गुठी अन्तर्गत परेका अठारवटा मुख्य महाबिहारहरुको बारे लेखेका पुस्तक तथा सामाग्रीहरु प्रशस्तमात्रामा रहेका छन् तर काठमाडौं उपत्यकामा रहेका अन्य बिहारहरु, वहावहीको बारे लेखेका पुस्तक तथा सामाग्रीहरु थोरै संख्यामा छन् । यसकारण अन्य बिहार (कच्चावाहा) अन्तर्गत पर्ने यो मैत्री करुणा धर्मचक्र महाबिहार (जमबाहा:) लाई मैले आफ्नो शोधपत्र तयार गर्नु पर्ने आवश्यक ठानेको छु । विभिन्न विद्वानहरुले यस बिहार सम्बन्धी लेख्नु भएको विभिन्न ग्रन्थहरुको सामान्य केही कमजोरी र थप जानकारी मैले यस शोघपत्रमा दिने प्रयास गरेको छु ।

### १.७ अध्ययनको क्षेत्र र सीमा :

प्रस्तुत शोध कार्यको लागि का.म.न.पा. वडा नं. १ स्थित जमल बहाल (जमबाहा:) भित्रै मात्र केन्द्रित रहने छ । विशेषतया यस बिहारको प्राचिनता, ईतिहास, वस्तुकला एवं पुरातात्विक महत्वको संक्षिप्त टिप्पणी गरिनेछ । शोधकार्य वर्णानात्मक पद्धतीमा सीमित हुनेछ ।

### १.८ अध्ययन प्रणाली :

यस शोधपत्र तयार गर्ने कार्यक्रममा मुख्यतया निम्न तरिकाबाट सामाग्री संकलन गरिनेछ ।

क) **प्राथमिक स्रोत:** यस बिहारसंग सम्बन्धित थकाली, स्थानीय र बिहारबारे थाहा पाउनेहरुसंगको अन्तवार्ता एवं छलफल आदिलाई प्राथमिक श्रोतको रुपमा लिइएको छ ।

ख) **अवलोकन भ्रमण:** यस बिहारको वाह्य एवं भित्रि स्वरुपको स्थलगत अध्ययन गरी तथ्यहरुको स-प्रमाण विश्लेषण गरिने छ ।

ग) **अवलोकन भ्रमण:** शोधकार्यलाई अझ बढी प्रभावकारी र प्रामाणिक बनाउन यहाँ पाइएका प्रकाशित र अप्रकाशित शिलालेखहरु, ताम्रपत्रहरु र हस्त लिखित ग्रन्थहरुबाट तथ्यहरु संकलन गरी ऐतिहासिकता केलाउने तयार गरिएको छ ।

घ) **तस्वीर:** यस अध्ययन विषय वस्तुसित सम्वन्धित वस्तुको सम्भव भएसम्मको फोटो लिइ त्यसको अध्ययन विश्लेषण गरिएको छ ।

ङ) **पुस्तकालय अध्ययन:** शोधपत्र तयारको लागि यस बिहारसंग सम्बन्धित केही विद्वानहरुको प्रकासित लेख, सूचना आदि महत्वपूर्ण जानकारीहरुको संकलन तुलनात्मक अध्ययन र विश्लेषण गर्न पुस्तकालयमा गएर अध्ययन गर्नेछु ।

## १.९ समयावधिः

प्रस्तुत शोधकार्य त्रिभुवन विश्वविद्यालयको नियमानुसार निश्चित अवधिभित्र पूर्णता दिनेछु ।

## १.१० भाषा :

शोधपत्र नेपाली भाषामा तयार गरिएको छ ।

# द्वितीय परिच्छेद

## नेपालमा बौद्ध धर्मको प्रवेश

### २.१ पृष्ठभूमि

सिद्धार्थ गौतमको जन्म ई.पू. ५६३ मा नेपालको दक्षिण पश्चिमतिर अवस्थित कपिलवस्तुको शाक्य राजकुमारको रुपमा लुम्बिनी वनमा एउटा शालवृक्षको मुनि वैशाख पूर्णिमाको दिन भएको थियो । दुःखबाट मुक्त हुने बाटो (मार्ग) पत्ता लगाउन २९ वर्षको उमेरमा उहाँले गृहत्याग गर्नु भयो । ३५ वर्षको उमेरमा उहाँले दुःखबाट मुक्त हुन सक्ने निर्वाण मार्ग पत्ता लगाउनुभयो । यसरी पत्ता लागेको ज्ञानलाई उहाँले संघात्मक शैलीबाट प्रचार प्रसार गर्नु भयो । उहाँले प्रतिपादन गर्नुभएको ज्ञानलाई नै विश्वले धर्मको रुपमा ग्रहण गरे । कालान्तरमा बुद्धले प्रतिपादन गर्नु भएको यही ज्ञान बौद्ध धर्मको रुपमा प्रसिद्ध भए । नेपालमा बौद्ध धर्मको प्रचार प्रसार शाक्यमुनि बुद्धको जीवनकालमै भैसकेको कुरा मूल सर्वास्तिवाद विनयसूत्रमा उल्लेख गरेको छ ।[१]

शाक्यमुनि बुद्धको पालामा व्यापारीहरुको साथमा लागेर केही भिक्षुहरु बुद्ध धर्मको प्रचार प्रसारका लागि काठमाडौ उपत्यकामा पसेको कुरा मूल सर्वास्तिवाद विनय सूत्रमा उल्लेख गरिएको छ । त्यस्तै बुद्धको जीवनकाल पछि कपिलवस्तुको कोशल राजा विडुडभले कपिलवस्तु ध्वस्त पारेपछि आक्रमणबाट बच्न केही शाक्य खलकका समुह त्यहाँबाट भागेर उपत्यकामा पसेको कुरा पनि मूल सर्वास्तिवाद विनय सूत्रमा उल्लेख गरेको छ । त्यसको लगतै गौतम बुद्धको आज्ञा मुताविक आफ्नो शाक्य दाजु भाईहरुको हालखवर बुझ्न भिक्षु आनन्द व्यापारीहरुसंग नेपालमा आएका थिए । नेपालमा आफ्नो शाक्य दाजुभाईहरुलाई भेटेर फर्के पछि भिक्षु आनन्दको हात खुट्टाको औंलाहरु थुतो भएको देखेर गौतम बुद्धले उनलाई के भयो भनेर सोध्दा नेपालमा धेरै जाडो भएकोले हिउँले खाँदा आफ्नो हात खुट्टाको औंला झरेको र भगवान बुद्धको अनुमती नभएका कारणले गर्दा आफुले जुत्ता नलगाएको कुरा निवेदन गरेका थिए । त्यसवेला देखि भगवान बुद्धले जुत्ता लगाउन हुने नियम बनाई दिएको कुरा उल्लेख भएको छ ।[२] यस घटनाबाट यो कुरा पुष्टी हुन्छ कि नेपालमा बौद्धधर्मको प्रवेश गौतम बुद्धको जीवित अवस्थामा नै भएको हो ।

---

१ भुवनलाल प्रधान, ***नेपालमा बौद्ध धर्म,*** (काठमाडौं नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान २०४) पृष्ठ ३० ।

२ डा. भद्ररत्न वज्राचार्य ***बुद्धधर्म र लिच्छविकालीन समाज एवं अध्ययन,*** (लोटसरिसर्च सेन्टरद्वारा संचालित नेपालमण्डल बौद्ध संस्कृति सम्मेलनमा प्रस्तुत कार्य पत्र) ।

ई.सा.को दोस्रो शताब्दीतिर स्थापना भएको गुँबिहार ऐतिहासिक तथ्यको आधारमा नेपालको पहिलो बिहारको रुपमा लिएको छ ।[३] गुँबिहार स्थापना भएपछि नेपालमा बुद्ध धर्मको विकास निरन्तर रुपमा अगाडी बढेको थियो । साँखुको एउटा लिच्छविकालिन अभिलेखमा "श्री धर्म राजिका र महासांधिक भिक्षु संघष्य" वाक्य उल्लेख गरेको पाईन्छ ।[४] यसबाट यो कुरा पुष्टी हुन्छ कि नेपालको सांखुमा गुँबिहार स्थापना भएपछि बौद्ध धर्मको विकास यति तिव्र भयो कि धर्म सम्बन्धी हेर्न एकजना मन्त्री (अमात्य)को नियुक्त गर्नुपर्ने आवश्यक हुन गयो ।

## २.२ नेपालमा बिहार परम्परा र यसको विकाश :

नेपालमा बिहारको शुरुवात कहिले देखि भयो भने कुरा यकिन साथ भन्न गाह्रो छ । तर इतिहासमा जतातत्तै बिहारहरुको बारेमा वर्णन गरेको पाइन्छ । बिहार शव्द 'विहरति' शब्दबाट आएको हो । "विहरति" अर्थात बिहारको शाव्दिक अर्थ वस्तु टहल्ने, आराम लिने, ज्ञान लिने, बस्ने ठाउँको रुपमा बोध हुन्छ ।[५] बुद्धकालिन समयमा भिक्षुहरु बस्ने, आराम लिने, ज्ञानगुणका कुरा गर्ने तथा धर्म देशना गर्ने स्थानको लागि बिहारको स्थापना गरेका थिए । बुद्ध धर्ममा बुद्ध, धर्म र संघ गरी त्रिरत्नको विशेषता रहेको पाइन्छ ।[६] बुद्ध धर्ममा त्रिरत्न अन्तर्गत संघ पर्दछ यही संघ अन्तरगत बिहार पर्दछ ।

बौद्ध धर्मको विभिन्न साहित्यहरुमा भिक्षु संघको निवासको लागि बिहारको अतिरिक्त "आराम" शब्दको पनि प्रयोग भएको पाइन्छ ।[७] जस्तै त्यस बेला प्रयोग गरेका आरामहरुको नाम यस प्रकार छन् । घोषिताराम, संघाराम, वेणुवराम, पूर्वाराम, निग्रोधाराम आदि ।[८] बुद्धको पालामा यस्ता निकै आरामहरु (बिहारहरु) बनेको पाइन्छ । बौद्ध साहित्यमा कति श्रद्धालुहरुले यस्ता आरामहरु (बिहारहरु) बनाई भिक्षु संघलाई दान दिइएका कुराहरु उल्लेख गरेका पाइन्छ । जस्तै अनाथ पिण्डिका महाजनले ५४ कोटी धन खर्च गरेर बनाई दिनु भएको जेतवन बिहार,[९] विशाखा महाउपासिकाले २७ कोटी धनखर्च गरेर बनाई दिनु भएको पूर्वाराम र निग्रोधाराम बिहारहरु हुन् ।[१०] भगवान् बुद्धले यी बिहारहरुमा धेरै पटक वर्षावास बस्नुभएको कुरा बौद्ध साहित्यमा उल्लेख गरेको छ ।

भिक्षु संघको निवास स्थानलाई संघाराम अथवा बिहार भनिन्थ्यो ।[११] दीर्घ निकायमा बुद्धले अजात शत्रुलाई भगवान बुद्धको पालामा भिक्षुहरु बस्ने ठाउँ वा विश्राम गर्ने स्थानलाई "आराम" शब्द प्रयोग गरिन्थ्यो । बुद्धले उपदेश दिएको ठाउँ जिविकारामलाई बौद्ध बिहारको

---

३ धनवज्र वज्राचार्य, ***लिच्छविकालका अभिलेख*** (किर्तिपुर, नेपाल र एशियाली अनुसन्धान केन्द्र) २०३० पृष्ठ १० ।

४ वज्राचार्य धनवज्र, पूर्ववत (पाद टिप्पणी) पृष्ठ ५० ।

५ भिक्षु सुदर्शन, ***नेपाली बिहारका विशेषताहरु*** २०४१ पृष्ठ १ ।

६ वासुदेव उपाध्याय, ***प्राचिन भारतीय, स्तूप गृह एंव मन्दिर बिहार ग्रन्थ*** एकेडमी ई.सं. १९७२ पृष्ठ ९७ ।

७ दुण्ड वहादुर वज्राचार्य, ***दिर्घ निकाय ललितपुर*** पवित्र वहादुर वज्राचार्य, अशोकरत्न वज्राचार्य, हिरादेवी वज्राचार्य २०४६ पृष्ठ १६ ।

८ भिक्षु सुदर्शन, पूर्ववत (पादटिप्पणी) ५ पृ. १ ।

९ ***धम्मपद कथा भाग १*** (भिक्षु अमृतानन्द (अनुवादित) काठमाडौं आनन्दकुटी बिहार गुठी) ने.सं. १०६४ पृ.२ ।

१० भिक्षु अमृतानन्द ***न्हयसःयालिसः*** (इनाप पत्रिका काठमाडौं) वि.सं. २०४२ पृ ११ ।

११ उपाध्याय, पूर्ववत (पा.टि.) ६.पृ २ ।

रुपमा लिइन्छ । त्यस्तै वैशालीमा अम्वपाली गणिकाको अम्ववन (आँपको बगैचा)मा भगवान बुद्धले बिहार गर्नु भएको थियो ।[१२] गणिका अम्वपालीले भगवान बुद्ध लगायत भिक्षु संघलाई भोजनको निमन्त्रणा दिइ बुद्ध एवं प्रमुख भिक्षु संघलाई आफ्नो "आराम" नै दान दिनुभएको थियो ।[१३] यसप्रकार विभिन्न बौद्ध ग्रन्थहरुमा प्रयोग गरिएको "आराम" तथा "बिहार" शब्दले करिव एकै प्रकारका अर्थ दिन्छ । भगवान बुद्ध लगायत भिक्षु संघ बस्ने स्थानलाई "बिहार" भनेको पाइन्छ भने त्यस्तै बस्नको लागि उपयुक्त हुने स्थान कुनै श्रद्धालुले दिएमा त्यसलाई "आराम" शब्द प्रयोग भएको देखिन्छ ।

भारतको पश्चिमतिर रहेको अजन्ता र एलौरा गुफाहरुले त्यसवेलाको बिहारको स्वरुप झल्काउँछ । त्यस गुफामा भिक्षुहरु बस्ने गर्थे । हालसम्म त्यसको भग्नावशेषहरु पाइएकोले यो कुरा पुष्टी हुन्छ ।

सर्वप्रथम बिहार शब्दको प्रयोग अनाथ पिण्डिकले "आराम" र "बिहार" बनाएको प्रसंगमा उल्लेख छ ।[१४] पालिग्रन्थमा बिहारको सम्पतिहरु भागवण्डा गर्न नहुने भागवान बुद्धले उपदेश दिएको वर्णन पाइन्छ ।[१५] यसरी बिहार शब्दको प्रयोग भगवान बुद्धको समयदेखि नै चलेको देखिन्छ । जहाँ जहाँ भगवान बुद्ध आफ्ना शिष्य भिक्षुहरुका साथ वस्नु भएको थियो त्यहाँ त्यहाँ श्रद्धालु भक्तजनहरुबाट भगवान बुद्ध र भिक्षु संघलाई "आराम" वा "बिहार" बनाई दिइएको कुरा पालिसाहित्य एवं प्राचिन बौद्ध ग्रन्थहरुबाट थाहा पाउन सकिन्छ ।

बुद्ध धर्ममा जसरी बुद्धको महत्वपूर्ण स्थान छ त्यस्तै संघको पनि उत्तिकै महत्वपूर्ण भूमिका रहेको हुन्छ । संघले नै बुद्ध धर्मलाई मजवूत तथा परिपक्व वनाउने भएको कारणबाट नै बुद्ध धर्म र बुद्धप्रति श्रद्धालु बुद्ध धर्मका अनुयायीहरुले बौद्ध भिक्षुहरुको ध्यान, धर्म श्रवण, प्रवचन तथा बसोबासका लागि आराम (एकान्त वन) तथा बिहार (गृह) निर्माण गरिदिएका हुन् ।

बुद्ध धर्मका अनुयायी भिक्षुहरु प्रायः एक्लै रहदैंनथ्यो । केही भिक्षुहरुको समूह मिली संघ खडा गरी धर्मप्रचारार्थ रहन्थ्यो ।[१६] कालान्तरमा भिक्षुहरुलाई विभिन्न स्थानमा भ्रमण गरी धर्म प्रचारप्रसार गरिरहनु पर्ने आवश्यकता भएन र सो कार्य बिहारबाट नै गरीन थाले । यसबाट बिहार भिक्षुहरुको लागि स्थायी वासस्थान एवं शैक्षिक, धार्मिक केन्द्रको रुपमा विकसित हुँदै गयो ।

---

१२ वज्राचार्य, पूर्ववत (पा.टि.) ३.पृ १५ ।
१३ उही, पृ. १६ ।
१४ भिक्षु अमृतानन्द, पूर्ववत (पा.टि.) १०.पृ ११ ।
१५ **बिहारो बिहारवत्थु ईदं दुतिय अवे भडिगम** भगवान बुद्धको उपदेश ।
१६ वज्राचार्य, पूर्ववत (पा.टि.)३.पृ ४ ।

नेपालमा बिहारको निर्माणको शुरुवात कहिले देखि भयो भन्ने कुराको एकिनसाथ भन्न प्रमाणिक आधार हालसम्म पाईएको छैन् । पौराणीक आख्यानहरुमा ध्यान दिने हो भने सत्ययुग तिर नेपालको प्राराम्भिक इतिहास कालमा नेपाल मण्डलमा स्वयम्भू ज्योतिरुपको दर्शन गर्न महाचीनबाट मन्जुश्री पाल्नुभइ दहको पानी बाहिर निकाली मन्जु-पतन नगर बसाएर भिक्षुहरुको लागि एउटा बिहार बनाई दिएको उल्लेख गरेको पाइन्छ[१७] तर यो बिहार कुन थियो भने हाल सम्म ज्ञात हुन सकेको छैन् ।

त्यस्तै ऐतिहासिक घटनाक्रमलाई लिंदा नेपालमण्डलमा स्वयम्भूज्योति रुपको दर्शन गर्न आउनु भएका ऋकुच्छन्द बुद्धका आफ्ना शिष्य गुणध्वज व्राम्हण (अभयनन्द क्षेत्री) तथा सातसय शिष्यहरुलाई चुडाकर्म गर्न बाघद्वारको शिवपुरी पर्वतमा राज भई सर्वप्रथम बौद्ध संघको व्यवस्था गरी बिहार निर्माण गरेको कुरा उल्लेख गरेको पाइन्छ ।[१८] त्यस्तै भगवान गौतम बुद्धले यात्रा गर्नु भएको प्रत्येक ठाउँमा चैत्य र बिहारहरु बन्ने गरेको थुप्रै उदाहरण पाइन्छ । नेपालमा सातौ किराती राजा जितेदास्तिको समयमा भगवान गौतम बुद्ध काठमाडौ उपत्यकामा पाल्नु भै पुच्छाग्र नामको चैत्य रहेको ठाउँमा बस्नु भएको र चुन्दा नाम गरेकी यक्षणीलाई प्रवजित गरेको र आफू सित ल्याएका १३५० शिष्यहरु धेरै जसोलाई यहिं छाडेर गएको कुरा उल्लेख गरेको पाइन्छ ।[१९] यस कुरालाई मान्यता दिने हो भने नेपालमा बिहार परम्परा ई.पू .छैठौ शताब्दी तिर भएको देखिन्छ ।

नेपालमा चौधौं किराती राजा स्थुंकोको राज्यकालमा सम्राट अशोक आफ्ना गुरु उपगुप्त, महारानी तिष्य रक्षिता र छोरी राजकुमारी चारुमतीको साथमा नेपाल आएर आफ्नो नाममा एउटा शहर अशोकपतन बसालेको र एउटा बिहार पनि स्थापना गरेको थिए । चार कुनामा चार ओटा र माझमा एउटा स्तुप बनाए ।[२०] सम्राट अशोकले आफ्नो छोरी चारुमतीको विवाह राजकुमार देवपालसंग गरिदिए र देवपालको नामबाट देवपतनको स्थापना गरे ।[२१] पछि चारुमतीले आफ्नो नाममा श्री सुवर्णपुर कृतिपुण्य अशोक नृप संस्कारित चारुमती बिहार बनाई आफ्ना पतिका साथ प्रवज्या लिएकी थिइन् ।[२२] यस चारुमती बिहारलाई बोलीचोलीमा चावहिल भनिन्छ ।[२३]

नेपाली बौद्धहरुमा विशेष गरी काठमाडौ उपत्यकाका बौद्धहरुमा के लोकक्ति एउटा व्यापक तवरले प्रचलित छ भने अशोक यहाँ आएका थिए ।[२४] तर अशोकको काठमाडौ

---

१७ प्रधान, पूर्ववत (पा.टि.) १.पृ ७८

१८ मुनीन्द्ररत्न वज्राचार्य, ***नेपालको बौद्ध संस्कृतिको झलक,*** (सिद्धिधर्म हर्ष धार्मिक संरक्षण संस्था) २०६९,पृ. ५९ ।

१९ प्रधान, पूर्ववत (पा.टि.) १.पृ ३९ ।

२० प्रधान, पूर्ववत (पा.टि.) १.पृ ६५ ।

२१ उही, पृ. ६५ ।

२२ डानियल राईट, ***हिस्त्री अफ नेपाल*** पृ १११-११३ ।

२३ वज्राचार्य, पूर्ववत (पा.टि.) ३.पृ ३ ।

२४ प्रधान, पूर्ववत (पा.टि.) १.पृ ६४ ।

उपत्यका आगमन नै विवादस्पद हुन पुगेको छ । त्यसकारण चारुमतीले बिहार निर्माण गरेका कुरा पनि सहजै विश्वास गर्न सकिन कुरा ऐतिहासिक प्रमाणहरु प्राप्त हुन सकेको छैन । हुन त उक्त चावहिलमा नै लिच्छविकालीन सर्व प्राचिन अभिलेख पाइएको छ । जसमा किन्नरी जातकको कुरा परेका छ ।[२५] यस अभिलेखमा संघलाई भोजन गराउन र महामुनि भगवान बुद्धको पूजा गर्न केही जग्गा गुठीमा राखेको कुरा उल्लेख गरेको छ ।[२६]

नेपालमा लिच्छवि राज्य स्थापना हुनुभन्दा केही पुस्ता अगाडी राज्य गरेका भनिएका राजा सुपुष्पदेवले ठाउँठाउँमा २४ वटा बहाल (बिहार) बनाई वाँडाहरुलाई राखिदिए । यिनैको पालामा महायानको प्रवेश भएको संकेत मिल्दछ ।[२७] त्यस्तै ऐतिहासिक लिच्छवि राजा मानदेवको वराज्यू वृषदेव पनि बुद्ध धर्मको अनुयायी देखिन्छ । चांगुनारायणको शक सम्वत ३८६ (वि.स. ५२१) को लिच्छविराजा मानदेवको अभिलेखमा वृषदेवलाई लडाई भिडाई कम गर्ने, बोलेको कुरा पुऱ्याउने राजाको रुपमा वर्णन गरीएको छ ।[२८] गोपाल वंशावलीमा पनि वृषदेवलाई स्वयम्भूको चैत्यको प्रतिष्ठा गर्ने श्रेय दिएको छ ।[२९]

त्यस्तै सम्वत १५६ (वि.सं.७९०) को जयदेव द्वितीयको पशुपती अभिलेखमा वृषदेवलाई सुगत शासन पक्षपाती अर्थात बौद्ध धर्म अनुथायी भनि मानिएको छ ।[३०] राजा वृषदेव कै राज्यकालमा गौड देशबाट राजा प्रचण्डदेव यहाँ आएर शान्तिकर भिक्षु बनेको, स्वयम्भू ज्योतिलाई छोपेर चैत्य बनाएको, गोदावरीमा पञ्च बुद्धहरुको मुर्ति स्थापित गरेको, त्यही वाँडा गाउँ भन्ने देश बनाई चैत्य स्थापना गरी वाँडा आदि प्रजाहरुलाई बसालेको, चावहिलमा धन्दो चैत्यको निर्माण गरेको, बानेश्वरमा ठूलो बिहार बनाएका थिए ।[३१]

मानदेवको समयको पाालको स्वयम्भूमा प्राप्त एक शिलालेखमा श्रीमान बिहारमा कोइलाकाटी गरी खेत गुठी राखियो भन्ने उल्लेख गरिएको छ । गोपाल राजवंशावलीमा मानदेवले आफ्नो नाममा एक बिहार बनाएको उल्लेख पाइन्छ । यसमा भएको वाक्य श्री मानदेव वर्ष ४१ तेन...स्वनामे मानबिहार प्रतितिष्ठित ।[३२]

अंशुवर्माको पालासम्ममा मान बिहार नेपालका पाँचवटा विशिष्ट बिहारहरु गुं बिहार, श्री मान बिहार, श्री राजबिहार, खर्जुरीका बिहार र मध्यम बिहार मध्ये एक कहलाइसकेको

---

२५ वज्राचार्य, पूर्ववत (पा.टि.) ३.पृ २ ।
२६ उही, पृ. २ ।
२७ उही, पृ. ८७ ।
२८ उही, पृ. १० ।
२९ धनवज्र वज्राचार्य र कमलप्रकाश मल्ल ***गोपालराजवंशावली*** (नेपाल रिशर्च सेन्टर पब्लिकेशन) पृ. २८ ।
३० वज्राचार्य पूर्ववत (पा.टि.३)पृ ५४९ ।
३१ प्रधान, पूर्ववत (पा.टि.१.) पृ ८८ ।
३२ वज्राचार्य, पूर्ववत (पा.टि.३) पृ २८ ।

कुराको पुष्टी अंशुवर्माको हाँडी गाउँको सम्वत ३२ को शिलालेखले पुष्टि गर्दछ ।[३३] माथि उल्लेखित लिच्छविकालीन ५ विशिष्ट बिहारहरु बाहेक शिवदेव बिहार, भुवनाकर श्री बिहार, अर्जिका बिहार, अभयरुची बिहार, चतुर्भालंकासन बिहार, महाप्रतिहार वार्त्त : सुजात प्रभु बिहार वार्त कल्याणगुप्त बिहार, प्रणिधि बिहार, जगत वत्म बिहार आदि बिहारहरुको पनि उल्लेख पाइन्छ ।[३४]

लिच्छवि कालीन केही अभिलेखहरुमा भिक्षुसंघको उल्लेख गरेको पाइएको छ ।[३५] जस्तै चावहिलको चैत्यको अभिलेख, पाटनको नरेन्द्रदेवको अभिलेखमा आर्य भिक्षुसंघको उल्लेख गरेको पाइएको छ ।[३६] त्यस्तै अंशुवर्माको काठमाडौ वण्डाहिटीको अभिलेखमा पनि "आर्य संघ" को उल्लेखको साथै अवलोकितेश्वरको पूजा र भिक्षुसंघको भोजनको लागि केही जग्गा गुठीमा राखिएको कुरा उल्लेख गरेको छ ।[३७] यसैगरी पाटन मंगल वजारको एउटा बुद्ध मुर्त्ति अंकित अभिलेख तथा साँखुको एक अभिलेखमा पनि भिक्षुसंघको उल्लेख गरेका पाइन्छ ।[३८] त्यस्तै काठमाडौं मुंसुबहालको भित्र धारासंगै रहेको एउटा खण्डित अभिलेखमा पनि भिक्षुणी संघलाई केही पुराणा पण (नगद) दान दिएको कुरा उल्लेख गरेको छ ।[३९] लिच्छविकालमा बिहार धार्मिक कृयाकलापको केन्द्रविन्दु थिए ।

यी बिहारहरुलाई राजकीय संरक्षण पनि प्राप्त थियो । साथै जनसमुदायबाट पनि विशेष श्रद्धा पुर्वक बुद्ध धर्म ग्रहण गरेको हुनाले नै सोसंग सम्वन्धित बिहारहरुको तत्कालीन नेपाली समाजमा विशिष्ट स्थान रहेको कुरा निर्विवाद छ । यस कुराको पुष्टी राजा नरेन्द्रदेवको सम्वत १०३ जेष्ठ शुक्ल सप्तमीको पाटन यागबहालको अभिलेखमा श्री शिवदेव बिहारका आचार्यले भिक्षु संघलाई दिएका विभिन्न विशेषाधिकारहरुबाट पनि स्पस्ट हुन्छ ।[४०]

त्यस्तै शिवदेव बिहारमा रहेको भिक्षुसंघलाई गाउँ दान दिएको सिलसिलामा महाराजाधिराज शिवदेव द्वितीयले यो आर्य संघसित सम्वन्धित सबै मामिलाको सम्वन्धमा प्रजा वर्गले यसको मर्यादा राख्न र उनीहरुले यस अनुदानको उल्लघन नगर्न ठाडो हुकुम सम्म दिएका छन् ।[४१]

चिनीया यात्री हुयन सांङ्गले पनि आफ्नो यात्रा वर्णन गर्ने क्रममा त्यसवेला नेपालमा हिनयान र महायान शाखाका अनुयायी बौद्ध भिक्षुहरु भएको र उनीहरु सबै बिहारहरुमा बस्दथे । यसबाट त्यसबेला नेपालमा बिहारहरु प्रशस्त बनि सकेको कुराको पुष्टी हुन्छ ।

---

३३ ऐजन (पा.टि.३.) पृ ३२० ।
३४ जगदीशचन्द्र रेग्मी, **नेपालको धार्मिक इतिहास द्वितीय संस्करण**, काठमाडौं राजकीय प्रज्ञाप्रतिस्थान २०३९ पृ १४५-१४६ ।
३५ वज्राचार्य, पूर्ववत (पा.टि.३.) पृ ४ ।
३६ उही, पृ. ४ ।
३७ उही, पृ. ४ ।
३८ उही, पृ. ३८९, ५०८ ।
३९ उही, पृ. ५०७ ।
४० उही, पृ. ४१८ ।
४१ प्रधान, पूर्ववत (पा.टि.१.) पृ १०३ ।

माथि उल्लेखित विभिन्न प्रमाणहरुबाट के कुराको पुष्टी हुन्छ भने ईसाको पाँचौ शताब्दी भन्दा पहिले देखि नै नेपालमा बिहार बनाउने परम्परा व्यापक रुपमा प्रचलित रहेको स्पष्ट गर्दछ । तर दुर्भाग्यवश लिच्छवीकालीन अभिलेखमा उल्लेखित कुनै पनि बिहारहरु हाल अस्तित्वमा नभएको वा भएर पनि पुरातात्विक रुपमा प्रमाणित गर्न नसकिएको कारणले त्यसबेलाको बिहारको वास्तुकला बारे स्पष्ट भन्न सकिने अवस्था भने हाल छैन ।

मध्यकालीन नेपालमा बौद्ध बिहार स्थापना गर्ने कार्यमा तिव्रता भएको पाइन्छ । नेपाल मण्डल भित्र काठमाडौं उपत्यकाको कान्तिपुरमा महायानी बिहारहरुमा लिच्छवि काल देखी स्थापना गरिएका १०५ बहाल र २८ बहीहरु छन् ।[४२] यी बिहारहरु मध्ये हाल देआचार्य गुठी अन्तरगत १८ वटा महाबिहारहरु मूल बिहारको रुपमा रहेका छन् ।

मध्यकालमा नेपालमा करिव १७२ वटा बिहारहरु रहेको चर्चा डा. जगदिश चन्द्र रेग्मीले गर्नु भएको देखिन्छ ।[४३] काठमाडौं उपत्यकामा पाइएका मध्यकालीन महाबिहारहरु पाटनको रुद्रवर्ण महाबिहार, हिरण्य वर्ण महाबिहार, काठमाडौंका केशचन्द्र पारावर्त महाबिहार (इंतुबहाल) काठमाडौको गुणाकर महाबिहार (छुस्याबहाल) प्रमुख बिहारहरु हुन् । त्यस्तै ललितपुरमा १६ वटा मूल बिहार र २१ वटा कच्चा बहा स्थापना गरिएका छन् ।[४४] भक्तपुरमा २४ वटा बिहारहरु (बहा र बही) स्थापना गरिएको छ । ठिमीमा ९ वटा बिहारहरु (बहा र बही) निर्माण गरिएको देखिन्छ ।[४५]

यस प्रकार नेपालमा बिहारको स्थापना गर्ने परम्परा पौराणिक आख्यानको हिसाबले प्राचिन कालदेखिनै भएको र ऐतिहासिक प्रामाणिक हिसाबले किरातकाल देखि (बुद्ध कालीन समय) भएको कुरा माथिको प्रसंगबाट पुष्टी हुन आउँछ ।

---

४२ वज्राचार्य, पूर्ववत (पा.टि.१८.) पृ ६० ।
४३ उही, पृ. ६०-६१ ।
४४ उही, पृ. ६१ ।
४५ रेग्मी, पूर्ववत (पा.टि. ३४) ।

# तृतीय परिच्छेद

## मैत्री करुणा धर्मचक्र महाबिहार (जमबाहा:) को नालीबेली

### ३.१ मैत्री करुणा  धर्मचक्र महाविहार (जमबाहाः)

मैत्री करुणा धर्मचक्र महाबिहार (जमबहाल) काठमाडौं वडा नं. १ जमल टोलमा अवस्थित छ । यो ठाउँ रानीपोखरीबाट उत्तर विश्व ज्योति सिनेमा हलको ठीक पछाडी, नाचघरबाट नजिक, पूर्वमा पर्छ । यो बिहारको संस्कृत नाम मैत्री करुणा धर्मचक्र महाबिहार हो । बोलीचालीको भाषामा नेवारीबाट जमबाहाः भन्ने गरिन्छ । त्यस्तै नेपालीबाट जमल बिहार भनिन्छ । यो बाहेक यस बिहारलाई मैत्री बोधिसत्व बिहार, धर्मकीर्ति बिहार, जम्वल बिहार, धर्मचक्र बिहार नामबाट पनि सम्बोधन गरिन्छ ।

रत्नकाजी, विजय रत्न वज्राचार्यले लेख्नु भएको पुस्तकमा यस बिहारलाई अशोक मण्डप जमल कान्तिपुर महानगर अन्तरर्गत परेको बिहारको सूचीमा राखेको छ ।[४६] त्यस्तै उहाँहरुले यस बिहारलाई कान्तिपुरमा रहेका १८ वटा मूल बिहारहरुको संगठन 'देआचार्य गुठीको' चार वटा शाखा (पुइँ) हरु मध्ये दथुपुइँ अन्तरगत राखेको पाईन्छ ।[४७] तर यो बिहारको रेखदेख नित्यपुजा, चाडपर्व मनाउने कार्य गर्नका लागि सिखमुबहालको कच्चा बहा श्रीनक बिहार (लायकुबही) का वज्राचार्यहरुले गर्ने परम्परा भएकोले यो बिहारलाई दथुपुइँ अन्तरगत राखेको कुरा ठीक छैन् । यसलाई लायकुपुइँ अन्तरगत राख्नु पर्ने देखिन्छ ।

ज बाट जन्म र म बाट मरण यी दुई अक्षर मिलेर वनेको जम शव्दले जन्म र मरणको संकेत गर्दछ । यसरी जन्म र मरणसंग गाँसिएको शब्दबाट बनेको जमबहाः (जमल बिहार) प्राचिन ऐतिहासिक बिहारको रुपमा लिने गरिन्छ । यो बिहार रहेको ठाउँ जमल इलाका प्राचिन लिच्छवि कालीन बस्ती भएको जनबाहाः द्यो (सेतो मच्छेन्द्रनाथ) को मूर्ति फेला परेको पवित्र स्थल भएको र त्यस बिहारमा अशोककालीन चैत्य भएको कारणले गर्दा यो बिहारलाई प्राचिन ऐतिहासिक महत्वले भरिएको बिहारको रुपमा लिने गरिन्छ ।

प्राचिन अभिलेख तथा अन्य सामाग्रीको अभावमा यस बिहारको प्राचिनता एवं ऐतिहासिकताको बारे तथ्य प्रमाण दिन सकेको छैन । पौराणीक आख्यान, जनश्रुतीको आधारमा मात्र यस बिहारको प्राचिन ऐतिहासिक सम्बन्धबारे उल्लेख गरिएका छन् ।

---

४६ रत्नकाजि, विजयरत्न वज्राचार्य, ***नेपादेःया बिहार या ताःचा*** पृ. २३ ।

४७ उही, पृ. २३ ।

प्राचिनकालको इतिहासलाई पल्टाउँदा लिच्छवि कालको इतिहास हेर्नु पर्ने हुन्छ । लिच्छविकालको समयमा जमल एउटा प्रसिद्ध बस्ती (शहर)को रुपमा रहेको थियो । त्यसवेला त्यो बस्ती (शहर) "जमयम्वी"को नामले प्रशिद्ध थियो ।[४८] "जमयम्वी" नै जमल हो भने इतिहासकारले विभिन्न ग्रन्थहरुमा उल्लेख गरेको देखिन्छ । उक्त बस्ती पछि कालक्रमले भूकम्प आदि प्राकृतिक प्रकोपले गर्दा धेरै वर्ष सम्म पृथ्वीको गर्भ मुनी रहन गएको हुनुपर्छ । जमबाहाः (जमल बिहार) जमयम्वी (जमल) इलाकाको स्थापना भएकोले जमयम्वी (जमल) शब्दबाट नै जमबाहाः शब्द बनेको हुनुपर्छ । अथवा जमबाहाः जमल क्षेत्रमा रहेको हुनाले जमबाहाः नाम हुन गएको हुनुपर्छ । यसरी जमबाहाः (जमल बिहार) लिच्छविकालीन इतिहाससंग गाँसिएको हुनाले यस बिहारलाई प्राचिन ऐतिहासिक महत्वको बिहारको रुपमा लिएको हो ।

जमबाहाःको अर्को ऐतिहासिक पक्ष भनेको यो बिहार सेतो मछिन्द्रनाथ (जनबहाः द्यो सित) ऐतिहासिक सम्बन्ध रहनु हो । जनश्रुती अनुसार सेतो मच्छेन्द्रनाथ (जनबहाः द्यो) को मूर्ति जमलमा फेला परेको हुनाले सेतो मच्छेन्द्रनाथलाई प्रचलित नेवारी भाषामा जनबहाद्यो, जमबहाद्यो, जन्माद्यो भन्ने गरिएको हो ।

जनबहाद्यो जमल क्षेत्रमा फेला परेको सम्बन्धमा विभिन्न विद्वानहरुले आ-आफ्नो पुस्तकमा उल्लेख गरेको पाइन्छ । यस सम्बन्ध पं. अमोधवज्र वज्राचार्यले आफ्नो पुस्तकमा यसरी उल्लेख गर्नु भएको छ । "जनबहाद्योको (आर्यावलोकितश्वर) को मूर्ति लिच्छवि कालको हो । यो कुरा मूर्तिकलाबाट पनि थाहा पाउन सकिन्छ । साथै यो मूर्ति फेला परेको ठाउँ जमलको ऐतिहासिकताबाट पनि थाहा पाउन सकिन्छ । लिच्छविकालको अभिलेख हेऱ्यो भने त्यसवेला एउटा प्रसिद्ध बस्ती "जमयम्वी" हो । जमयम्वी नै जमल हो । कारणवश त्यस बस्ती प्राकृतिक कारणले नाश हुँदा जनबहाद्यो पनि जमीनमुनी रहन गयो । पछि बस्तीमा काम गर्ने एउटा किसानले खेत खन्दा जनबहाद्योको मूर्ति फेला परेको हो । जमलमा फेला परेको हुनाले जनबहाद्योलाई जमलेश्वर र आर्यावलोकेश्वरको नामले पनि पुकारिन्छ ।"[४९] जनबाहाद्यो जमल इलाकामा फेला परेको हुनाले जनबहाद्योको रथ वर्षको एक चोटी चैत्रशुक्ल अष्टमीका दिन जमलबाट नै तान्नुपर्ने परम्परा आजसम्म चलेको छ (हेर्नुस् चि. फ. नं. ४०) ।

जमबाहाः र जनबहाद्योको सम्बन्धमा इतिहास विद्वानहरुले विभिन्न धारणा राखेको पाइन्छ । एक थरि इतिहासविद्हरुको भनाई अनुसार जमबाहाः रहेको ठाउँमा नै जनबहाद्यो ( सेतो मच्छेन्द्रनाथ) को मूर्ति फेला परेको हुनुपर्छ । त्यसै ठाउँमा बिहार बनाएर मूर्ति स्थापना गरेको हुनुपर्छ पछि मात्र यसलाई कनकचैत्य महाबिहार जन बहालमा सारेको हुनुपर्छ । अर्को थरी इतिहासविद्ले यो कुरा मानेका छैनन् । उनीहरुको भनाइ अनुसार जनबहाद्योको मूर्ति अहिलेको महेन्द्र शालिक रहेको ठाउँबाट दक्षिण पट्टि हाल तिनधारा पाठशाला रहेको ठाउँमा फेला परेको हुनुपर्छ । त्यसकारणले पनि हाल सम्म जनबाद्योको रथ यात्रा त्यस ठाउँबाट तान्ने परम्परा चलिआएको छ । राष्ट्रिय अभिलेखालयमा रहेका ने.सं. ५९० को पन्चरक्षा ग्रन्थ (किताब)मा जमल र जनबहालको सम्वन्ध उल्लेख भएको पाइन्छ ।

---

४८ वज्राचार्य, पूर्ववत (पा.टि.३) ।

४९ अमोधबज्र वज्राचार्य, ***लोकेश्वरया परिचय,*** (लोकेश्वर संघ नेपाल), ने.स. १०९९ पृ. ५२ ।

जनबहाद्यो फेलापरेको सम्बन्धमा एउटा पौराणिक कथा उल्लेख गर्नु सान्दर्भिक हुन्छ । किवंदन्ती अनुसार प्राचिनकालमा रानीपोखरीको उत्तर तिर जमल भन्ने ठाउँमा एउटा खेतबारी थियो । त्यहाँ एक जना किसान खेत खनिरहँदा उनले एउटा  मूर्ति फेला पारे । त्यो मूर्ति आफ्नो घरको अन्नभण्डारमा लगेर राख्यो । त्यो मूर्तिको उपस्थितिले गर्दा किसानको घरमा एउटा चमत्कार भयो । किसानको अन्न भण्डारबाट, जति अन्न झिकेपनि कम भएन एकैचोटी ऊ धनी भयो । यो कुरा एक कान दुई कान मैदान हुँदै सबैतिर फैलियो । राजाले पनि यो कुरा थाहा पाएर तुरुन्त किसान कहाँ मूर्ति लिन पठाएर दरवारमा राखी राख्यो । केहि दिन पछि उक्त मूर्तिले मलाई यहाँ नराख, कनक चैत्य महाबिहारमा लगेर राख भन्ने राजालाई सपना देखाएकोले राजाले उक्त मूर्ति जनबहालको कनक चैत्य महाबिहारमा लगेर स्थापना गरे ।[५०]

यसै सम्बन्धमा अर्को किवंदती अनुसार धेरै वर्ष पहिले तिव्वतीहरुले लोकेश्वरको मूर्ति (जनबहाद्यो) चोरेर तिव्वत लगेर राजा कहाँ राखे । त्यसको केहि समय पछि तिव्वतको राजा गम्भिर बिरामी भए । जति उपचार गर्दा पनि केही सीप लागेन । पछि यो कुरा थाहा भयो कि लोकेश्वर (जनबहाद्यो) को मूर्ति चोरेर ल्याएकोले त्यसको दोषले गर्दा रोग निको नभएको हुनुपर्छ । त्यसैले राजाले यो मूर्ति नेपालमा नै पठाउने निर्णय गरे । त्यहाँबाट त्यो मूर्ति नेपाल ल्याएर माटो मुनी फालेर गयो । त्यो फालेको ठाउँ नै जमल हो । पछि एक किसानले खेत खन्ने क्रममा माटो मुनि भेटाए । यो कुरा राजाले थाहा पाएपछि  किसान कहाँबाट लिन पठाएर जनबहालको कनक चैत्य महाबिहारमा मन्दिर निर्माण गराइ लोकेश्वर मूर्ति प्रतिष्ठा गर्न लगायो ।[५१]

जमबाहाःमा एउटा अशोककालीन चैत्य रहेको छ । तर यो चैत्यमा कुनै शिलालेख लेखेको पाइदैन । तैपनि अशोककालीन चैत्य भएकोले यो बिहार प्राचिनकालको भनेर भन्न सकिन्छ ।

जमबाहाःको इतिहाससित सम्बन्धित अर्को महत्वपूर्ण तथ्य भनेको नेपाल सम्वत ८७८ तिर राजा जयप्रकाश मल्लको पालामा अहिलेको कुमारी घर (हेर्नुस् चि.फ. नं. ३५,३६,३७) बनाउन सो कुमारी घरसंगैको छेँचुक (त्यसवेला खण्ड चोक भनिन्छ) को जग्गा अधिग्रहण गरी लिएको हुनाले त्यसको भर्ना स्वरुप (क्षतिपूर्ति) जमलमा रहेको जमबाहाः त्यस छेँचुकको जग्गाधनीहरु अर्थात वज्राचार्यहरुलाई उपभोग गर्न दिएको भनिन्छ । त्यसवेला देखि त्यस बिहारको रेखदेख नित्यपूजा गर्ने कार्य त्यस ठाउँका (लायकुवही) वज्राचार्यहरुले गर्न थालेको भनिन्छ । छेँचुक (खण्ड चोक) को जग्गा लिएको कारणले नै त्यहाँ वसेका वज्राचार्यहरु पछि लायकुवहीमा बस्न गएको हो भनिन्छ । त्यसै कारणले हाल सम्म लायकुबहीका बज्राचार्यहरुले नै

---

५० तीर्थरत्न शाक्य, ***नेपालमण्डको बौद्धहरुको धार्मिक अभ्यास र जीवन शैली,*** (बुद्ध अध्ययन गोष्ठी) वि.सं.२०६५ पृ. ४७ ।
५१ उही, पृ. ४८ ।

जमबाहा:को रेखदेख तथा नित्य पूजा गर्ने कार्य गर्दै आएको हो ।[५२] यस हिसाबले खण्ड चोक जग्गाको क्षतिपूर्ति स्वरुप जमबाहा: उपभोग गर्न दिएको भनाइ सहि हुन सक्छ । तर यसको कुनै लिखित प्रमाण तथा दस्तावेजहरु अहिले सम्म पाइएको छैन ।

यो बिहार बारे अर्को एउटा महत्वपूर्ण जनधारणा भनेको जमबाहा:मा रहेको मैत्री वोधिसत्व पहिले देखि यहाँ रहेको होइन । यो नक्सालको नन्दिसार महाबिहारबाट यहाँ ल्याएको भनिन्छ । एक चोटी नन्दिसार महाबिहार ठूलो आगलागि हुँदा आगोबाट बचाउन त्यहाँ रहेको मैत्री वोधिसत्व जमबाहा:मा सारेको भनिन्छ । नन्दिसार महाबिहारको क्वापाद्यो मैत्री वोधिसत्व भनेर पुरानो थ्यासफूमा लेखिराखेको र अहिले नन्दिसार महाबिहारमा मैत्री वोधिसत्वको मूर्ति नहुनुले माथिको भनाइ पुष्टि हुन आउँछ ।[५३]

जमबाहा:लाई 'जम्वल' बाहा पनि भनिन्छ । जम्वल भन्ने एउटा छुट्टै देवता हो भनिन्छ । यो देवतालाई एउटा गुल्पा जस्तो भाँडोमा पानीमा डुवाएर राखिन्छ । यसलाई हारती माताको (अजिमा) स्वरुपमा पूजा गरिन्छ । यो देवतालाई जमोद्यो भन्ने गरिन्छ ।

बौद्ध विद्धान यज्ञमान वज्राचार्यले आफु सानै छँदा लायकुबहीमा बस्दा खेरी आफ्नो घरमा जम्वल देवता (जमोद्यो) देखेको कुरा अन्तरवार्ताको सिलसिलामा बताउनु भएको हो । यसरी लायकुबहीमा बस्नेहरुले जम्वल देवतालाई पूजा गर्ने हुनाले जमबाहा: (जम्वलबहा) र लायकुबहीको ऐतिहासिक सम्बन्ध रहेको हुनुपर्छ । हाल केलटोलको सूचिका गल्लीमा बस्ने एकथरी श्रेष्ठहरुको जमगुठी भन्ने गुठी रहेको छ । उक्त गुठीको सदस्यहरुले लायकुबहीमा रहेको कुमारीको दशैं बेलामा पूजाआजा गर्न आउने गर्ने गर्थे । यसको मतलव लायकुबहीको कुमारीको सम्बन्ध जमबाहा: सित भएकोले नै जम गुठीका सदस्यहरुले लायकुबहीका कुमारीको पूजा गर्न आएको हुनुपर्छ । यज्ञमान वज्राचार्यसंग भएको अन्तरवार्ताका दौरान यस कुराको उल्लेख गर्नु भएको हो ।

यस बिहारको आगमघर (आगँछेँ) मा नामसंगतिको देवता रहेको छ । सिखोमूबहा ( श्रीखण्डतरुमूल महाबिहार) को देवता (क्वापाद्यो) को ढोकाको माथि रहेको तोरणमा पनि नामसंगिति देवता रहेको पाइन्छ । यसरी दुवै ठाउँमा नामसंगति देवता रहनु भनेको जमबाहा: र सिखोमूवहाको सम्वन्ध रहेको कुरा पुष्टी गर्दछ ।

---

५२ चिभा:द्यया स्थापना र चिभा:पूजा सम्पादक सर्वज्ञरत्न वज्राचार्य लेखक : पृ. ४९ ५० ।

५३ यज्ञमान वज्राचार्य, ***मैत्री वोधिसत्व मैत्री भावना: वौद्धदर्शनया न्हापागु लुखा*** लेख ***मैत्री पत्रिका*** (स्वीस्वस: कोति द्य:गुठी प्रकाशक मणीसिंह महाबिहार), मुसुंबाहा ने.सं.११२५ पृ.३ ।

राणाकालिन समयमा राणाहरुको हुकुमी शासन चल्थ्यो । उनीहरुले चाहेको खण्डमा जुन सुकै ठाउँको जग्गा जमीन घर आफू अन्तरगत राख्न सक्थ्यो । यसै सिलसिलामा राणा प्रधानमन्त्री वीर शमशेरले आफ्नो दरवारहरु बनाउने क्रममा पूर्वमा नक्सालको जय नेपाल हलसम्म, उत्तरमा नारायणहिटी, पश्चिममा नाचघर र दक्षिणमा रानीपोखरी सम्मको भूभागमा रहेका जग्गा जमीन घर आफ्नो कम्पाउण्ड भित्र पारी पर्खाल लगाएको थियो । सेतो दरवार (हेर्नुस् चि.फ. नं. ३९.१) र लाल दरवार (हेर्नुस् चि.फ. नं. ३९.२) बनाउने क्रममा यस बिहार (जमबाहा:) र त्यस वरिपरि रहेका घर जग्गा समेत आफ्नो कम्पाउण्ड भित्र पारि पर्खाल लगाएको थियो । यसरी कम्पाउण्ड भित्र परेका घर जग्गाधनीहरुलाई क्षतिपुर्तिको रुपमा केहि मूआव्जा दिएर त्यहाँबाट हटाएका थिए । खासगरीकन त्यस बिहारको वरिपरि बसेका जममी भनिने ज्यापुहरु त्यहाँबाट छाडेर अन्यत्र ठाउँमा बस्न गएका थिए । उनीहरु त्यौड, इनबहाल, भोटाहिटी लगायत ठाउँमा बस्न गएको देखिन्छ ।

त्यसवेला जमबाहा: संग सम्बन्धित लायकुबहीका वज्राचार्यहरुलाई पनि जमबाहा:को क्षतिपुर्ति स्वरुप मुआव्जा लिन वोलाएको थियो भनिन्छ । तर यसरी लिन गएमा जमबाहा:को ऐतिहासिक महत्वका चैत्य, मूर्ति, देवदेवताहरु नै लैजान्छ अथवा नष्ट गरी दिन्छ भन्ने डरले त्यसवेला कोही पनि मूआव्जा लिन गएन । साथै त्यहाँ पूजा आजा गर्न समेत जान छाडेको थियो ।

त्यसपछि इ.सं. १९३३ (वि.सं .१९८९) साल तिर भएको ठूलो आगलागि तथा इ.सं. १९३४ (वि.सं.१९९०) सालको ठूलो भूकम्पको कारणले सेतो दरवार पुर्ण रुपले ध्वष्ट भए । दरवार ध्वष्ट भएपछि बिहारको दुर्दशा झन बढ्न गयो । त्यस ठाउँमा कोही पनि जान छाडेकोले बिहार झन वेवारिसे भई भग्नावशेषको रुपमा रहन गएको थियो । धेरै समय सम्म यसरी रहि रहँदा बिहारमा भएका मूर्तिहरु सवै लथालिङ्ग हुन गएको, माटोबाट बनेका मूर्तिहरु सवै खिइएर जिर्ण अवस्था रहन गएको थियो । अझ मैत्री वोधिसत्वको मूर्ति त झन खिइएर भित्रको काठमात्र बाँकी रहन गएको थियो । त्यसबेला बिहार नै लोप हुने अवस्थामा रहन गएको थियो ।

प्राचिन ऐतिहासिक बिहारको यस्तो दुर्दशा देखेर इकुबहालका आनन्द मुनि बज्राचार्यले तत्कालीन राणा प्रधानमन्त्री जुद्ध शम्शेरबाट अनुमति लिइ जनसहयोगबाट बिहारको पहिलो पल्ट जिर्णोद्धार गरेका थिए । यो जिर्णोद्धार सन् १९४७ (वि.सं.२००३/२००४) तिर गरेको भनेर विदेशी विद्वान जोनलकले आफ्नो “बुद्धिष्ट मोनाष्ट्रिज अफ नेपाल” भन्ने पुस्तकमा उल्लेख गरिएको छ ।

यस जिर्णोद्धारको समयमा यस बिहारमा रहेको मूल क्वापाद्यो रहेको घर (क्वापाछेँ) बनेको थियो । त्यस्तै बिहारको मुख्य चोकमा ईटा छापेको र बिहारको भूभागलाई घेर्ने काम गरेको थियो ।

वि.सं.२००७ साल पछि राणाहरुको शासन विस्तारै खतम भएपछि पहिला जस्तै नित्यपूजा गर्न, पर्व मनाउन तथा रेखदेख गर्न लायकुवहीका वज्राचार्यहरु त्यहाँ जान थाले, त्यसवेला देखि लायकुबहीका हर्षमान पतिका सन्तान मध्ये जेष्ठ व्यक्ति (थाकुली अथवा स्थवीर) जो हुन्छ उक्त व्यक्ति त्यस बिहारको नित्यपूजा, पर्वपूजा तथा रेखदेख कार्य गर्न जिउताभर त्यस बिहारको भोगचलन गर्ने आपसी सहमतिद्वारा परम्परा (नियम) बसालेको

थियो, जुन अहिले सम्म पनि कायम रहेको देखिन्छ । अहिले सम्म थाकुली (स्थवीर) भई त्यहाँ बसी सकेको वज्राचार्यहरुको नाम यस प्रकार छन् ।

१) स्व. चिनी वज्राचार्य
२) स्व. वाबुलाल वज्राचार्य
३) स्व. भोजमानपति वज्राचार्य
४) स्व. हरिलाल वज्राचार्य
५) स्व. गोपालमान वज्राचार्य
६) स्व. कमलमान वज्राचार्य

हाल यस बिहारमा (७) मोहनमान वज्राचार्य स्थवीर (थाकुली) को रुपमा कार्यरत रहनु भएको छ (हेर्नुस् चि.फ. नं. ३८) । वि.सं. २०३४ सालमा तत्कालीन स्थवीर भोजमानपति वज्राचार्यको नेतृत्वमा बिहारको पुनः जिर्णोद्धार गरेको कुरा त्यहाँ रहेको एउटा शिलापत्रबाट पुष्टी हुन्छ । यस जर्णोद्धारको समयमा बिहारको पश्चिम तर्फको मूलद्वार बनाएको, क्वापाद्योको रुपमा रहेको मैत्रीवोधिसत्व, प्रज्ञापारमिता, षडक्षरी लोकेश्वरको कलेवर फेरेको, चैत्यको सुरक्षाको लागि बारले घेर्ने काम गरेको देखिन्छ ।

स्थवीर भोजमानपति कै पालामा गंगामान पतिले जन सहयोगबाट अमोघपाश लोकेश्वर (जनबहाद्यो) को मूर्ति राखी बिहारको पूर्वतर्फ रहेको पर्खाल नजिक मन्दिर स्थापना गरेको देखिन्छ । त्यसपछि वि.सं.२०५३ सालमा त्यसवेलाका स्थवीर गोपालमान बज्राचार्यको सक्रियतामा जनसहयोगबाट मूल देवताघरमा रहेका मूर्तिहरु पानीले भिजि जिर्ण अवस्था रहन गएकोले पुनःमर्मत गरी पहिले कै अवस्थामा ल्याएको भनिन्छ । उहाँकै पालामा वि.सं. २०५६ साल आषाढ १२ गते आफ्नै खर्चमा बिहारको पूर्वतिर पर्खाल नजिकै एउटा चैत्य वज्रधातु स्थापना गरेको देखिन्छ । यस कुराको उल्लेख “चिभाः द्यया स्थापना व चिभा पूजा” भन्ने सर्वज्ञरत्न वज्राचार्यद्वारा सम्पादित पुस्तकमा उल्लेख गरेको पाइन्छ ।

यस बिहारको मूल देवता घरको छाना झिँगटी थियो । २०६१ सालमा साहु पञ्चविर सिंह तुलाधरले आफ्नो खर्चले झिँगटी हटाएर पितलको छाना राख्नु भएको थियो । त्यस्तै जमलमा बस्ने राजेन्द्र शाक्य भन्ने दाताले २०६५ सलामा मूल देवताको तेस्रो तल्लामा रहेको झ्याल बाहिर कलात्मक काठको टुँडालहरु राखेको देखिन्छ ।

यसरी मैत्रीकरुणा धर्मचक्र महाबिहार (जमबाहाः) को आवश्यकता अनुसार समय समयमा जिर्णोद्धार गर्ने कार्य गरेको देखिन्छ ।

## ३.२ मैत्री वोधिसत्वको संक्षिप्त परिचय :

यस शोधपत्रको विषय रहेको “मैत्री करुणा धर्मचक्र महाबिहार (जमबाहाः)मा मैत्री वोधिसत्व देवताको प्रतिमा प्रतिस्थापना भएको बिहार भएकोले मैत्री वोधिसत्वको बारे केही कुरा उल्लेख गर्नु सान्दर्भिक हुन आउँछ । बौद्ध धर्मको पृष्ठभुमी अथवा पूर्वाधार भन्नु नै चतुर ब्रम्ह बिहारको सिद्धान्तलाई लिइन्छ । चतुर ब्रम्हबिहारमा मैत्री, करुणा, मुदिता र उपेक्षालाई लिइन्छ । चतुर ब्रम्हबिहार अर्न्तगत आउने पहिलो खुड्किला नै मैत्री हो । मैत्रीको अर्थ मनमा कुनै पनि छलकपटको भावना नराखि सबैलाई मित्रताको भावनाले व्यवहार गर्नु

हो । वोधिको अर्थ मित्रताको भावना व्यवहारमा ल्याई कुनै पनि प्रकारले जगत कल्याण गर्ने अवधारणा अवलम्बन गर्ने तरिकालाई नै वोधि भनिन्छ । सत्वको अर्थ सजिव प्राणी हो निर्जीव प्राणी होइन । यसरी मैत्री बोधिसत्वलाई कुनै छलकपट भावना नराखि सवैलाई मित्रताको व्यहार गर्ने, कसैलाई भेदभाव नगर्ने प्राणीको रुपमा लिइन्छ । यसलाई बौद्ध साहित्यमा मैत्रीबोधिसत्वको बारे मैत्री भावनाको प्रतिकको रुपमा धेरै ठाउँमा उल्लेख गरको पाइन्छ ।

मैत्री बोधिसत्वको उत्पति अथवा जन्मको सम्बन्धमा यसरी अनागतवंश ग्रन्थमा उल्लेख भएको पाइन्छ । उक्त ग्रन्थमा गरेको वर्णन अनुसार सर्वज्ञ बन्नु भएका तथागत गौतम बुद्ध राजगिरी वेलुवन बिहारमा बसिरहनु भएको अवस्थामा अजात शत्रु राजाकी महारानी कन्चनदेवीका गर्भमा प्रतिसन्धि भएको दश महिनापछि राजकुमारको जन्म भयो । उक्त कुमार भविष्यमा अजित नामले प्रसिद्ध भए । सोहि अजित स्थविर मैत्रेय भन्ने बुद्ध हुने छन् । अर्थात् मैत्रेय नामले बुद्ध बन्ने छन् । यो अनागतवंशमा भविष्यमा उत्पन्न हुने दश बुद्धहरुको वर्णन गरेको ग्रन्थ (पुस्तक) हो । यस ग्रन्थमा शाक्यमुनी बुद्ध र धर्मसेनापति सारिपुत्रको बीचमा सम्वादको रुपमा लेखिएको छ । ग्रन्थको प्रारम्भमा भविष्यमा हुने दश बुद्धहरुको नाममा मैत्रेय बुद्धको नाम पहिलो पंक्तिमा राखेको छ ।

शाक्यमुनि बुद्धको जन्मबाट पाँच हजार वर्षपछि संसारमा मैत्रीबोधिसत्व बुद्ध बन्ने छ भने कुरा बौद्ध दर्शन शास्त्रमा उल्लेख गरेको पाइन्छ ।[५४] अहिले तुषिता भुवनमा रहेर भविष्यमा बुद्ध बन्न पर्खिराखेको छ भनिन्छ ।[५५] मैत्री बोधिसत्वलाई मैत्रेय बुद्ध पनि भन्ने गरिन्छ । मैत्रेय शब्द संस्कृत शब्द हो । भूतकालमा पाँचौ अन्तिम बुद्धको रुपमा उल्लेख शाक्यमुनि बुद्ध पनि पहिला बुद्ध वन्नु भन्दा अगाडी तुषिता भुवनमा श्वेतकेतु वोधिसत्वको नाममा पर्खि रहेको कुरा उल्लेख गरेको पाइन्छ ।[५६]

---

५४ प्रकाश वज्राचार्य, ***बौद्ध दर्पण*** (बुद्ध जयन्ति समारोह समिति श्रीद्य : बिहार) पृ. १५६ ।

५५ उही, पृ. १५६ ।

५६ उही, पृ. १५६ ।

मैत्री वोधिसत्वको रंग पहेंलो हुन्छ । यसको मुद्रा प्राय गरी वरद मुद्रामा हुन्छ । वरद मुद्रा भन्नाले मैत्री वोधिसत्व मेच जस्तो आसनमा वसी दुवै हातले धर्मचक्र व्याख्यान मुद्रामा राखी दुइटै खुट्टा तलतिर पठाई आराम गरी रहे जस्तो मुद्रामा देखिन्छ । मैत्री वोधिसत्वको चिन्ह भनेको नागकेशर फूल हातमा लिएको हुन्छ । नागकेशरलाई फणिकेशर पनि भनिन्छ । लैटिन भाषामा Ocrocorpuslingefolium Mesuoferrea भनिन्छ । मैत्री वोधिसत्वको मुकुटमा एउटा सानो चैत्य अंकित छ भनिन्छ कि उक्त चैत्यले कुकुट पाद पर्वत (बुद्धगया नजिक) मा रहेको चैत्य जनाउँछ । जहाँ काश्यप बुद्ध रहेको थियो ।[५७] बुद्ध भइसकेपछि मैत्री वोधिसत्व त्यहाँ गएर काश्यप बुद्धको चीवर लिन जान्छ भन्ने जनधारणा रहेको छ ।[५८]

मैत्री वोधिसत्वलाई मैत्रेय बुद्ध पनि भन्ने गरिन्छ । मैत्रेय बुद्ध यसै भद्र कल्पमा पाँचौ अन्तिम बुद्धको रुपमा उत्पन्न हुन्छन् भनि विश्वास गरिन्छ । बौद्ध धर्म अर्न्तगत रहेको दुई मुख्ययान थेरवाद र महायान दुवैले मान्ने एकमात्र वोधिसत्व मैत्री वोधिसत्व हो ।

बौद्ध दर्शनको साहित्यपक्षमा मैत्री वोधिसत्वको बारे विभिन्न किसिमले वर्णन गरेको पाइन्छ । खासगरीकन बौद्ध दर्शनको प्रमुख ग्रन्थहरु ललितविस्तर, सद्धर्मपुण्डरीका र गुह्य समाजतन्त्र र आर्यगण्डव्यूह सूत्रमा मैत्री वोधिसत्वबारे उल्लेख गरेको पाइन्छ । ललितविस्तरमा भगवान शास्ताको धर्म देशना सुन्न संगीती सभामा वत्तीस सहस्र वोधिसत्वहरुले भाग लिएको कुरा उल्लेख गरेको छ । त्यसमा भाग लिने वोधिसत्वहरुको क्रममा वोधिसत्व महासत्व मैत्रेय अर्थात मैत्री वोधिसत्व अग्रपंतिमा राखेको छ ।[५९] सद्धर्मपुण्डरीकाको पहिलो परिच्छेद निदान परिवर्तमा मैत्री वोधिसत्व भगवान शास्ताको संगिति सभामा भाग लिएको भन्ने देखाइएको छ । भगवान शास्ताले प्रदर्शन गरेको प्रातिहार्य कार्य देखेर मैत्री बोधिसत्व अद्भुत भएको कुरा उल्लेख गरेको छ ।[६०]

सद्धर्मपुण्डरीकामा उल्लेख भए जस्तै भगवान शास्ताको धर्म देशना कार्यक्रम संगिति सभामा मैत्री वोधिसत्वले भाग लिँदा त्यहाँ भगवान बुद्धले व्यक्त गर्नु भएको कहिलै नबताएको गुह्य सम्बन्धि गाथाबारे उल्लेख गरेको छ । उक्त गाथामा मैत्री वोधिसत्वलाई अग्रणी भूमिकाको नाइकेको रुपमा प्रस्तुत गरेको छ । त्यसमा मैत्री वोधिसत्वलाई महावोधिसत्व भनेर पनि सम्वोधित गरेको पाइन्छ ।[६१]

आर्य गण्डव्यूहसुत्रमा मैत्री वोधिसत्व बारे यसरी उल्लेख गरेको पाइन्छ ।[६२] (क) महाकरुणा लाभ गर्नुहुने । (ख) विशुद्ध बुद्धि हुने । (ग) लोकहित गर्ने । (घ) मैत्री भावना युक्त भएको । (ङ) अभिषेक भूमिमा बस्ने । (च) बुद्धहरुको थकाली (जेष्ठ) पुत्र । (छ) बुद्ध हुने बारे चिन्तन गर्ने ।

---

५७ प्रकाश वज्राचार्य, ***बौद्ध दर्पण*** (बुद्ध जयन्ति समारोह समिति श्रीद्य : बिहार) पृ. १५६ ।
५८ उही, पृ. १५६ ।
५९ उही, पृ. १५६ ।
६० उही, पृ. १५६ ।
६१ उही, पृ. १५६ ।
६२ उही, पृ. १५६ ।

यस्तै जनबहाद्यो (सेतो मच्छेन्द्रनाथ)को वंशावलीमा समेत मैत्रीवोधिसत्वलाई अग्रनी भूमिका दिइएको पाइन्छ । त्रिपिटक साहित्यमा दीर्घ निकायको चक्कवलि सूत्रमा पनि मैत्रेय बुद्धको बारे उल्लेख गरिएको पाइन्छ । बौद्धहरु मैत्रेय बुद्ध हुने बेलामा उहाँको धर्म उपदेश सुनी मार्ग र फल प्राप्त गरी जीवन मुक्त हुन प्रार्थना गर्दछन् । यो जन्ममा मार्ग र फल प्राप्त गर्न नसक्नेले बुद्ध, धर्म, संघ (त्रिरत्न) प्रति श्रद्धा राखी जसले दान दिन्छन्, शील पालन गर्छन्, भावना आदि अभ्यास गर्छन्, तिनीहरुले भविष्यमा मैत्रेय बुद्धको समयमा मनुष्य जन्म ग्रहण गरी मार्ग र फल प्राप्त गर्ने छन् भन्ने कुरा उक्त ग्रन्थमा उल्लेख भएको पाइन्छ ।

मैत्रेय बुद्धको बारे बौद्ध साहित्यमा उल्लेख गरेको एउटा घटना यहाँ प्रस्तुत गरिएको छ । भगवान बुद्ध कपिलवस्तुको निग्रोधाराममा हुँदा गौतमी महारानीले दुइटा सुवर्णमय चीवर बुद्ध समक्ष दान गरिन । किन्तु बुद्धले एउटा मात्र चीवर ग्रहण गर्नु भई अर्को चीवर संघलाई दिन आज्ञा गर्नु भयो । तत्क्षणमा अजित स्थविरले उक्त चीवर ग्रहण गर्नु भयो । अन्य भिक्षुहरुमा खलवल मच्चियो सवै शंका निवारणार्थ भगवान बुद्धले कृपापुर्वक आफ्ना अग्रश्रावक सारिपुत्र स्थविरलाई भविष्यका दश बुद्ध र वोधिसत्वहरु बारेमा भन्नु हुँदै यी अजित स्थविर भविष्यका मैत्रेय तथागत हुनेछन् भनी उदगार प्रकट गर्नुभयो ।

मैत्री बोधिसत्वको मूर्ति जमबाहाःको अतिरिक्त मुसुंबहामा रहेको मणिसिंह महाबिहारमा पनि छ । थ्या सफूको सूचिमा मैत्री बोधिसत्व भएको अन्य विहारहरुको नाम यसरी उल्लेख गरेका छन् :

१ श्री धर्मचक्र महाबिहाराधिष्ठित श्री मैत्रीय वतुवहार ।
२ पाटनको श्री रुद्रदेव ग्वडवर्म्मा संस्कारित धम्मकीर्ति महाबिहाराधिष्ठित श्री मैत्रीय दफतवहार ।

# चतुर्थ परिच्छेद

## मैत्री करुणा धर्मचक्र महाबिहार (जमबाहा:)को वास्तुकला :

### ४.१ विहारवास्तु :

यो मैत्री करुणा धर्म चक्र महाबिहार (जमबाहा:) वास्तुकलागत दृष्टिकोणले चतुष्कोणत्मक रुपमा निर्माण गरिएको छ । बिहार पस्ने मूलद्धार पश्चिमतिर रहेको छ । बिहारको मूल देवता रहेका घर (क्वापाछेँ) दक्षिणतर्फ रहेको छ भने क्वापाद्योको मुख उत्तरतिर फर्केको छ । बिहारको पूर्व पश्चिम तथा उत्तरदिशामा पर्खाल लगाएको छ । बिहारको पश्चिम पट्टि दुईवटा नीजि घर रहेको छ भने पूर्व तर्फ बिहारकै स्वामित्वको आगम घर (आगंछेँ) रहेको छ ।

मूल देवता रहेको घर (क्वापाछेँ) तिन तल्लाबाट बनेको छ (हेर्नुस् चि.फ. नं. १) । झट्ट हेर्दा यो क्वापाछेँ नयाँ बनाएको जस्तो देखिन्छ । यहाँ राखेका झ्यालहरुपनि आधुनिक किसिमको देखिन्छ । पहिलो तल्ला अर्थात भुई तल्लामा मूल देवता क्वापाद्यो रहेको छ । क्वापाद्योको रुपमा मैत्री वोधिसत्व स्थापना गरेको छ (हेर्नुस् चि.फ. नं. २) । मैत्री वोधिसत्वको दायाँ प्रज्ञापारमिता (हेर्नुस् चि.फ. नं. ३) र बायाँ षडक्षरी लोकेश्वरको मूर्तिको स्थापना गरेको पाइन्छ (हेर्नुस् चि.फ. नं. ४) । त्यस्तै प्रत्येक महायानी बिहारमा भए जस्तै यहाँ पनि मूल देवताको दायाँ सारिपुत्र (हेर्नुस् चि.फ. नं. ५) र बायाँ मौदगल्यायणको (हेनुस् चि.फ. नं. ६) मूर्ति रहेको पाइन्छ । ती मूर्तिहरु सवै गँचा (एक किसिमको माटो) बाट बनेको भनिन्छ । मूर्तिहरु सवैलाई वस्त्र लगाइएको छ ।

मैत्रीवोधिसत्वको ठीक अगाडी एउटा वज्रधातु मण्डला रहेको छ (हेर्नुस् चि.फ. नं. ७) । उक्त वज्रधातु मण्डला ने.सं. १०७० मा भोटाहिटी बस्ने दानरत्न नाम गरेको दाताले आफ्नो परिवारको सुख शान्तिको नाममा हालेको देखिन्छ । क्वापाद्यो भित्र स्थापना गरेका मूर्तिहरु सवैमा सुनको जलप लगाएको देखिन्छ । झट्ट हेर्दा सवै मूर्तिहरु सुनबाट बनेको जस्तो देखिन्छ । त्यस क्वापाद्यो भएको कोठामा माथि उल्लेख गरिएको बाहेक अन्य देवी देवताहरु रहेको देखिदैन । क्वापाद्यो रहेको दास्रो र तेस्रो तल्लाको ठाउँहरु खालि रहेको पाइयो । अन्य बिहारमा हुने जस्तै यहाँ मूलदेवता (क्वापाद्यो) रहेको माथिको तल्ला आगम कोठा (आगंकोथा) को रुपमा प्रयोग गरेको देखिदैन । आगम कोठाको रुपमा आगछेंको संगै पूर्वपट्टि रहेको तिन तल्लाको घर प्रयोग गर्दै आएको देखिन्छ (हेर्नुस् चि.फ. नं. ८) । उक्त घरको दोस्रो तल्लामा आगम कोठाको रुपमा प्रयोग गरेको देखिन्छ । साथै उक्त कोठामा नै नामसंगिति देवता तथा अन्य मूर्तिहरु राखेको पाईन्छ (हेर्नुस् चि.फ. नं. ९) । त्यसै कोठामा दुइटा शिलापत्रहरु राखेको पाईन्छ । उक्त दुवै शिलापत्रहरु बिहार जिर्णोद्धार गर्दा स्थापना गरेका शिलापत्रहरु हुन (हेर्नुस् चि.फ. नं. १०, ११) ।

मूल देवताको घरको तेस्रो तल्लाको झ्यालहरु बाहिर कलात्मक टुँडालहरु राखेका छन् (हेर्नुस् चि.फ. नं. १२) । उक्त टुँडालहरु आफ्नो खर्चले एकजना दाताले हालेका हुन ।

मूल देवताको तेस्रो तल्ला माथि छानामा चारैतर्फ प्रकाश आउने गरी झ्याल भएको एउटा सानो देवल रहेको छ (हेर्नुस् चि.फ. नं. १३) । त्यसको माथि एउटा गजुर रहेको छ । यसरी छाना माथि देवल हुनु भनेको यसलाई वहाको रुपमा नलिइ वहीको रुपमा लिनुपर्ने देखिन्छ । यस बिहारसित परिचित विद्वान यज्ञमान वज्राचार्यले पनि यस जमःबहालाई बहाको रुपमा नलिई बहीको रुपमा लिनुपर्छ भन्नु भएको थियो । त्यस्तै विदेशी विद्वान जोनलकले पनि आफ्नो "बुद्धिष्ट मोनाष्ट्रिज अफ नेपाल" पुस्तकमा यस बिहारलाई वहीको रुपमा लिनु पर्छ भन्ने कुरा उल्लेख गर्नु भएको छ ।[६३]

बिहारको मूल देवता (क्वापाद्यो) रहेको कोठाको ढोका माथि कलात्मक काठले बनाएको तोरण राखेका पाइन्छ (हेर्नुहोस् चि.फ. नं. १४) । त्यसमा  तान्त्रिक मुद्रामा रहेका विभिन्न मूर्तिहरु कुँडिएको छ । त्यसमा पन्च बुद्धको मूर्तिहरु पनि कुँडिएको छ (हेर्नुस् चि.फ. नं. १५) । तोरणको बीच भागमा महा वैरोचनको मूर्ति कुँडिएको छ । दुवैतर्फ क्वापाद्योको ढोकाको दायाँवायाँ भित्तामा तिकिझ्याःहरु राखेका छन् । त्यस्तै दायाँवायाँ सात सातवटा मान्नेहरुमा झुण्ड्याइका छन् (हेर्नुस् चि.फ. नं. १६,१७) ।

ढोकाको बाहिर दायाँ र बायाँ गरी ढुगांको दुइ दुइवटा सिंहहरु राखेका छन् (हेर्नुस् चि.फ. नं. १८) । धेरै जसो बिहारमा रहेको क्वापाद्योको ढोकाको अगाडि एक एकवटा मात्र सिंह राखेको हुन्छ भने यहाँ दुइ दुइवटा सिंह किन राखेको हो भन्ने कुरा थाहा पाउन सकिएन ।

बिहारको मुख्य चोकको बीचमा एउटा प्राचिन चैत्य रहेको पाइन्छ (हेर्नुस् चि.फ. नं. १९) । उक्त चैत्य इतिहास विद्हरुको अनुसार अशोककालिन चैत्य हो । तर चैत्यमा कुनै शिलालेख अथवा अक्षर कुडिएको देखिँदैन ।

अशोक चैत्यको ठीक अगाडी मध्य भागमा पिण्ड सेलाउन प्रयोग गरिने ठाउँको रुपमा एउटा ढुगांको खाल्डो रहेको छ । उक्त खाल्डोलाई नेवारी भाषाबाट प्योंगाः भनिन्छ (हेर्नुस् चि.फ. नं. २०) । त्यस्तै चैत्यको अगाडी यज्ञकुण्ड रहेको छ । चैत्यको बायाँ पश्चिम तर्फ क्षेत्रपाल रहेको छ ।

मूल चोकको उत्तर तर्फ एउटा ऐतिहासिक इनार रहेको देखिन्छ (हेर्नुस् चि.फ. नं. २१) । उक्त इनार प्राचिन ऐतिहासिक सम्वन्ध गाँसिएको इनारको रुपमा लिने गरिन्छ । सोही इनारको पछाडि महादेवको ढुगांको मूर्ति स्थापना गरेको देखिन्छ (हेर्नुस् चि.फ. नं. २२) । उक्त मूर्तिलाई जमलेश्वर महादेव भन्ने गरिन्छ । यसरी बौद्ध बिहारमा महादेवको मूर्ति कसरी रहन गयो भन्ने विषयमा त्यस बिहारसंग सम्बन्धित व्यक्तिहरुसंग सोध्दा कुनै तथ्य जवाफ पाइएन । बिहारको उत्तर पट्टि रहेको पर्खालमा चतुर बुद्धको मूर्तिहरु स्थापना गरेको छ (हेर्नुस् चि.फ. नं. २३) । यसमा वैरोचनका मूर्ति वाहेक अन्य बुद्धहरुको मूर्ति रहेका छन् ।

---

६३ जोनलक, ***बुद्धिष्ट मोनाष्ट्रिज अफ नेपाल,*** काठमाडौं, सहयोगी प्रकाशन, पृ. ४०४ ।

यहाँ यस बिहारसित ऐतिहासिक सम्वन्ध गाँसेका जनबहाद्यो (अमोघपास लोकेश्वर)को मूर्ति पनि स्थापना गरेको देखिन्छ । बिहारको पूर्व तर्फ रहेको पर्खाल संगै जन्माद्यो अथवा जनबहाद्यो (अमोघपास लोकेश्वर)को मूर्ति राखी एउटा सानो मन्दिर स्थापना गरेको छ (हेर्नुस् चि.फ. नं. २४) । उक्त मन्दिर अथवा जनबहाद्योको मूर्ति यस बिहारका थकाली (स्थविर) हुनु भएका भोजमानपतिका छोरा गंगामान पतिले जन सहयोगबाट वि.सं. २०३४ साललतिर स्थापना गरेका थिए (हेर्नुस् चि.फ. नं. २५) । विदेशी विद्धान जोनलकले आफ्ना बुद्धिष्ट मोनाष्ट्रीज अफ नेपाल पुस्तकमा यस जनबहाद्योको मूर्तिलाई जनबहालमा रहेको जनबहाद्यो मूर्तिको डुप्लिकेट गरी बनाएको भनेर उल्लेख गरेको छ ।[६४]

यसरी नै जनमाद्योको संगै पूर्व पट्टी वज्रधातु चैत्य स्थापना गरेको पाइन्छ (हेर्नुस् चि.फ. नं. २६) । उक्त चैत्य पनि २०५६ सालमा तत्कालिन त्यस बिहारको थकाली (स्थविर) गोपालमान वज्राचार्यले स्थापना गरेको हो ।

स्थलगत निरीक्षणको सिलसिलामा जाँदा त्यहाँ देखिएका अन्य वास्तुकलामा बिहार भित्र पस्ने मूलढोका पर्खाल भन्दा अग्लो गरी बनाएको देखिन्छ । त्यस ढोकाको माथि धर्म कीर्तिको प्रतिक स्वरुप मूर्तिहरु राखेको छन् (हेर्नुस् चि.फ. नं. २७) । त्यस्तै बिहारको पर्खाल बाहिरको पश्चिमतर्फ नृत्यनाथको देवता (नासःद्यो) स्थापना गरेको छ (हेर्नुस् चि.फ. नं. २८) । बिहारमा आउने भक्तजनहरुले पनि उक्त देवताको पूजा गर्ने गर्दछन् ।

जमलबाट बिहार पस्ने बाहिरको कम्पाउण्डको ढोकाको उत्तरपट्टि राणा कालिन समयमा त्रिचन्द्र कलेजमा पढाउने विदेशी शिक्षकहरुलाई क्वाटरको रुपमा बसाल्न बनाएका घरहरु देखिन्छ (हेर्नुस् चि.फ. नं. ३२) । त्यस्तै दक्षिणतर्फ पनि एउटा लामो खालको एउटा घर देखिन्छ । बिहारको पूर्वपट्टि पर्खाल पछाडि त्रिभुवन विश्व विद्यालय अन्तरर्गतको शंकरदेव क्याम्पस टहरा बनाई बसेका देखिन्छ (हेर्नुस् चि.फ. नं. ३३) ।

यस बिहारको पूर्व थकाली (स्थवीर) भैसकेका कमलमान वज्राचार्यले जमल बहालको सारांश परिचय भन्ने पुस्तकमा यस बिहारले चर्चेको जग्गाको क्षेत्रफल आठ रोपनी छ भनेर लेखेको छ तर यो कुरा कुन आधारबाट लेखेको हो यसबारे सम्वन्धित व्यक्तिहरुसंग सोध खोज गर्दा कुनै निष्कर्ष निस्केन ।

## ४.२ मैत्री करुणा धर्मचक्र महाबिहार (जमबाहाः) को विशेषता :

यो मैत्री करुणा धर्मचक्र महाबिहार (जमबाहाः) को विभिन्न विशेषताहरु रहेको पाइन्छ । जमबाहाः (जमलबिहार) को नामबाट जनबहाःद्यो (सेतो मच्छेन्द्रनाथ) भनेर नामाकरण हुन जानु पहिलो विशेषता हो ।

---

६३ जोनलक, ***बुद्धिष्ट मोनाष्ट्रिज अफ नेपाल,*** काठमाडौं, सहयोगी प्रकाशन, पृ. ४०४ ।

दोस्रो विशेषता त्यस बिहारमा रहेको ऐतिहासिक इनार हो । जनश्रुती अनुसार यो इनारमा गोसाइँकुण्डको मूल मिसिएको छ भनिन्छ । त्यसकारण यसको पानी स्वच्छ र पवित्र भएको कारण यो इनारको पानी खाएमा पेट सम्बन्धि रोग निको हुन्छ भन्ने जनविश्वास रहेको छ ।

तेस्रो विशेषता प्रत्येक वर्ष नवरात्रीमा कालमोचन घाटमा नुहाई शुद्धिको लागि बिहारको उक्त इनारको पानीले मुख धोएर मैत्री वोधिसत्वको दर्शन गर्ने परम्परा रहेको छ ।

धेरै जसो बिहारमा पन्चबुद्धको मूर्तिमा पाँच जना बुद्धको मूर्तिहरु स्थापना गरेको हुन्छ तर यहाँ स्थापना गरेको पन्चबुद्धको मूर्तिको चारवटाको मात्र मूर्ति स्थापना गरेको छ । त्यसमा वैरोचनको मूर्ति राखेको छैन । यसलाई चौथो विशेषताको रुपमा लिन सकिन्छ ।

पाँचौ विशेषता भनेको यो बिहारमा १२ वर्षे लुमडी अजिमा (भद्रकाली)को गठुनाचको देवी देवताहरु नृत्य गराउने परम्परा रही आएको छ । उक्त नाचको समापन पछि "सीजानकेगु" भनेर तांत्रिक विधि अनुसार पूजा आजा गर्ने चलन रहेको छ । यस्तो चलन अरु बिहारमा देखिदैन । यो परम्परा अहिले सम्म कायम रहेको छ । यस विषयमा कमलमान वज्राचार्यद्वारा लिखित पुस्तकमा यसरी विष्तृत रुपमा वयान गर्नु भएको छ । "सेतोच्छेन्द्रनाथको जन्म स्थल भएकोले प्रत्येक वर्ष यस बिहारमा भल भल अष्टमीका दिन धर्मराज (यमराज) आफ्ना दुतहरु सहित साथमा ल्याइएका बही खाता पल्टाउने कारणले गर्दा सो दिन १२ वर्षे लुमडी अजिमा (भद्रकाली) गुठीनाचको देवी देवताहरु आ आफ्नो नृत्य समापन गर्न तथा मृत्युलाई वरण गर्न जमल बहालमा कार्यरत जन्मराज कहाँ पुग्ने गर्दछन् । सो पछि "सीजानकेगु" भनी तान्त्रिक विधि अनुसार थायभुमा राखिएका दही चिउरा तीन पटक सम्म देवगणहरुलाई छर्किन्छ । अनि सवै देवी देवताहरुले मृत्यवरण गर्दछन् । मृत्यु भएका देवगणहरुलाई एकएक गरि सेतो कपडाले छोपी तिन तिन जना व्यक्तिहरुले काँधमा बोकी सीबाजा (मलामीबाजा) बजाई यात्रा गरी असनको हिटी मंग भन्ने स्थानमा ल्याएर जमल बिहारको ऐतिहासिक इनारको पानी पिलाइन्छ । सो दृष्य हजारौ व्यक्तिहरुले राति अवेरसम्म पनि उत्सुकता साथ हेरि रहन्छ ।[६५]

छैठौं विशेषतामा प्रत्येक वर्ष धानवाली काटी यस बिहारमा ल्याइ कार्तिक मंसीरको घाममा धान सुकाउनेले धानको परिमाणमा वृद्धि हुन्छ भन्ने जनविश्वास रहेको छ । यसरी धान सुकाउने चलन अद्यापि रहेको छ ।

यहाँ उल्लेख गरिएका विशेषताहरु परम्परा अनुसार भनिराखेका तथा चलनचल्ति अनुसार चलिराखेका कुराहरु हुन् ।

---

६५ कमल मान बज्राचार्य, ***जमल बहालको सारांश परिचय,*** (बृद्धिहर्ष बज्राचार्य ने.सं. ११२५), पृ. १२-१३ ।

# पाँचौं परिच्छेद

## मैत्री करुणा धर्मचक्र महाबिहार (जमबाहाः) को पर्वपूजा :

### ५.१ पर्वपूजा :

अन्य बिहारमा जस्तै यहाँ पनि दैनिक नित्यपूजा गर्ने चलन रहेको छ । बिहारको रेखदेख गर्ने तथा नित्यपूजा गर्ने पालो भएका वज्राचार्यले विहान एकपल्ट त्यहाँ रहेका ऐतिहासिक इनारको पानी देवताहरुलाई चढाई दैनिक पूजा गरिने गरिन्छ । तर यहाँ अन्य बिहारमा गरिने जस्तो सँया भन्ने वेलुका पूजा भए गरेको देखिदैन । यस बिहारको वर्तमान स्थवीर (थकाली) मोहनमान वज्राचार्यको भनाइ अनुसार बिहारको वार्षिक पूजा (बुसाघँ) गरिने चलन हराइ सकेको छ । उहाँले यस बिहारको पूजाआजा संचालन गर्न कुनै आय श्रोत नभएको पनि जानकारी गराउनु भयो । साथै यस बिहारमा वज्राचार्य, शाक्यहरु बसेको देखिँदैन । त्यसकारण लायकुबहीका जेष्ठ व्यक्ति (स्थविर) ले नै बिहारको पूजा पर्व सम्वन्धि धार्मिक कार्यहरु गर्ने परम्परा चलिआएको छ ।

यस बिहारमा हाल चलेका पर्व पूजाहरु यस प्रकार छन् :

**बुद्धजयन्ति :** प्रत्येक बैशाख पूर्णिमाका दिन यस विहारमा बुद्धजयन्ति धुमधामका साथ मनाइने गरिन्छ । बुद्धजयन्तिका दिन भक्तजनहरुको धुइचो लाग्छ । उक्त दिन सरसफाई गरेर बुद्ध पुजा, स्तोत्रपाठ, कथा वाचन, बत्ति बाल्ने कार्यहरु गरिन्छ ।

**गुँलापर्व :** यस विहारमा श्रावण शुक्ल प्रतिपदा देखि भाद्र शुक्ल प्रतिपदासम्म चल्ने बौद्धहरुको महान पर्व गुँला पर्व मनाउने चलन रहेको पाइन्छ । एक महिना सम्म नाम संगीतिको पाठ गरिन्छ । गुँला भरि यहाँ जममी भन्ने ज्यापुहरुले एक महिनासम्म बाजा बनाउने तथा पाठ गर्ने गरिन्छ । बाजा बजाउनेलाई दापा थाय्गु भनिन्छ ।

**सकि मिन्हा पुन्ही :** यो कार्तिक शुक्ल पूर्णिमाको दिन मनाइन्छ । यो दिन जममी ज्यापुहरुले विहारमा रहेको चैत्यको अगाडि हलिमलिको कलश बनाई पूजाआजा गर्ने चलन रहेको छ । उक्त दिन बाजा बजाउने तथा पाठ गर्ने पनि गरिन्छ । हलिमलि भन्नाले मक्कै, गहुँ, भटमास, बकुला, बदाम आदि गेडागुडीहरु र सख्खर खण्ड, पिडालु, फलफुहरु आदि पदार्थहरु आउँछन् । यी पदार्थहरु राखेर कलश बनाउने गरिन्छ ।

**आमाको मुख हेर्ने :** यो पर्व बैशाख कृष्ण पक्ष औंसीका दिन मनाइन्छ । यो दिन यहाँ भक्तजनहरु आ-आफ्नो मृत आमाको सम्झनामा निसला चढाउन आउनेहरुको भिड लाग्ने गरेको छ । निसला लिन त्यहाँका पूजारीहरु दान गाथा पढेर लिने गरिन्छ । निसलामा च्यूरा, मिठाई, बिस्कुत, फलफुल, दही आदि चिजहरु राखेका हुन्छन् । यसरी निसला दिएमा मृत आमाको मृखमा पर्छ भन्ने जनधारणा रहेको छ ।

जनबहाःद्यो (करुणामय) को मूर्ति भएकोले पनि यस विहारमा जनबहालमा जस्तै निसला दिने आउनेहरुको भिड लाग्ने गरिन्छ ।

**बाबुको मुख हेर्ने :** यो पर्व भाद्र कृष्ण औंसीको दिन पर्छ । आमाको मुख हेर्ने दिनमा जस्तै यहाँ श्रद्धालु भक्तजनहरु आ-आफ्नो मृत बाबुको सम्झनामा निसला चढाउन आउनेहरु भिड लाग्ने गरेको छ । आमाको मुख हेर्नेमा जस्तै निसलामा च्यूरा, मिठाई, बिस्कुट, फलफुल, दही आदि चिजहरु राखेको हुन्छ । यो दिन निसला दिएमा मृत बाबुको मुख सम्म पुग्छ भन्ने जनधारणा रहेको छ ।

**शुक्ल पक्षको अष्टमी :** प्रत्येक महिनाको शुक्ल पक्षको अष्टमीका दिन श्रीघ विहारमा रहेको धर्म कीर्ति विहारको आयोजनामा यहाँ बुद्ध पुजा, धर्म देशना, कथा वाचन र ज्ञानमाला भजन जस्ता कार्यक्रमहरु संचालन हुने गर्दछन् (हेर्नुस् चि.फ. नं. २९) । यो दिन भक्तजनहरु मध्ये केहीले आफ्नो परिवारको नाममा जलपान गराउने गरिन्छ । यो चलनको शुरुवात २०६० सालदेखि भएको हो ।

**सत्वपूजा :** यस विहारमा अष्टमी तथा पूर्णिमाका दिन सप्त विधानुत्तर सत्व पूजा गर्न आउनेहरुको संख्या दिन प्रतिदिन बढ्दै गएको देखिन्छ । सत्वपूजाको लागि चाहिने पूजा सामाग्रीहरु विहारमै व्यवस्था गरिएको छ । सप्त विधानुत्तर पुजा गर्नाले आफ्नो परिवारको सुख शान्ति, दीर्घायु तथा निरोगी हुने जन विश्वास रहेको छ ।

## ५.२ मैत्री करुणा धर्मचक्र महाबिहार (जमबहाः) को वर्तमान अवस्था :

यस बिहारको वर्तमान अवस्था भनेको धेरै समय सम्म उपेक्षित रहेको बिहार विभिन्न समयमा सम्पन्न गरेको जिर्णोद्धारबाट नयाँ रुपमा आएपछि यसको महत्व बढ्नुको साथै यसको प्रचार प्रसार पनि बढ्न गयो । फलस्वरुप यहाँ पूजा गर्न आउने श्रद्धालु भक्तजनहरु पनि बढ्न थालेको देखिन्छ । अर्को कुरा यहाँ जनमाद्यो (सेतो मच्छेन्द्रनाथ) उत्पति भएको ठाउँ भनेर विभिन्न पुस्तक लेख तथा संचारको माध्यमबाट प्रचार प्रसार हुन गएकोले पनि यसको महत्व बढ्न गएको देखिन्छ ।

आजकाल यहाँ सत्वपूजा तथा बुद्धपूजा  गर्न आउने भक्तजनहरुको संख्या उल्लेखनिय रुपमा बढेको कुरा यस बिहारका स्थविर मोहनमान वज्राचार्यबाट बताउनु भयो । त्यस्तै प्राचिन ऐतिहासिक बिहार भएकोले यसको संरक्षण र सम्वर्धन  गर्नु पर्ने महसुस गरी यस बिहारको हित चाहने व्यक्ति तथा भक्तजनहरुले बिहारको जिर्णोद्धार गर्न आफ्नो क्षमता अनुसार चन्दा दिएर आवश्यक सामाग्रीहरु चढाएर सहयोग गरेकोले बिहारलाई यस रुपमा ल्याउन सकेको कुरा त्यस बिहारसित सम्वन्धित व्यक्तितिहरु बताउनु हुन्छ ।

वि.सं. २०६६ सालतिर विश्वज्योति हलको पछाडि आधुनिक भवन बनाउन जग खन्दा बिहारको मूल घर (द्यःछैं) को संगै जोडिएको आगम घर (आगछैं) पुरा भत्किएको थियो । भत्केको घर वनाउन आनतान गरिरहेकोमा बिहारसित सम्वन्धित व्यक्तिहरु तथा बिहारको हित चाहने व्यक्तिहरुको बारम्बार प्रयासले चार वर्ष पछि विश्वज्योति हल मालिकले उक्त घर पुनः निर्माण गरिदियो  । हाल त्यस घरको दोस्रो तल्लाको कोठामा नै आगम कोठा (पूजाकोठा) को रुपमा प्रयोग गर्दै आएको छ । नामसंगति देवता, दुइटा

शिलापत्र, तथा अन्य देवताहरु पनि यहाँ राखेको पाइन्छ ।

वि.सं. २०६० सालमा त्रिभुवन विश्वविद्यालय अन्तरगत रहेको परिक्षा नियन्त्रण कार्यालय वल्खुमा सरेपछि त्रिभुवन विश्वविद्यालयले त्यस खाली भएको ठाउँमा लिजमा दिएर सपिंग महल बनाउन विज्ञापन आह्वान गरेको थियो । यसरी बिहारको वरिपरि ठुलो भवन बनाउँदा बिहारको अस्तित्व मेट्न जाने अथवा बिहारको स्वरुप नै विग्रने डर उत्पन्न भएकोले बिहारको सम्बन्धित व्यक्ति तथा स्थानिय बासिहरुको चर्को विरोध गरेका कारणले त्यसवेला उक्त कार्य गर्न सकेन । त्यस कार्यको विरोध गर्न श्याममान वज्राचार्यको अध्यक्षतामा समिति समेत गठन गरेको थियो । त्यस बेला विरोध स्वरुप विभिन्न पत्रिकाहरुमा समाचार समेत निस्केको थियो (हेर्नुस् चि.फ. नं. ३०,३१) ।

वि.सं. २०६१ साल वैशाख महिनादेखि भिक्षुणी धम्मावती गुरुमाले प्रत्येक शुक्लपक्ष अष्टमीका दिन बुद्ध पुजा, धर्म देशना, ज्ञानमाला भजन गर्ने परम्परा बसाली दिएकाले आजसम्म त्यस परम्परा कायम भएको देखिन्छ । यसबाट पनि बिहारको गतिविधि पहिलेको दाजोमा बढ्न गएको हो भनिन्छ ।

यस बिहारमा पाल्नुहुने भक्तजनहरुको सुविधाका लागि विभिन्न दाताहरुले मेच, सुकुल, कार्पेट, पालहरु दिइ सहयोग गर्दै आएको देखिन्छ । साथै युवा वज्राचार्यहरुको संगठन वज्राचार्य क्लवले पनि यस बिहारको लागि मेचहरु, कार्पेटहरु प्रदान गरी समय समयमा बिहारको सरसफाई प्रचार प्रसार गर्दै आएको देखिन्छ ।

२०७२ साल बैशाख १२ गते आएको विनाशकारी महाभूकम्पबाट यस विहारलाई केही थोरैमात्रामा नोक्सानी भएको देखिन्छ । क्वापा द्यो भएको मूल घरको तेस्रो तल्लामा माटो खसी केही चर्केको छ । अन्य ठाउँमा भने केही भएको छैन ।

# छैठौं परिच्छेद

## उपसंहार एवं निष्कर्ष

### ६.१ उपसंहार :

जमल अवस्थित मैत्री करुणा धर्मचक्र महाविहार (जमबाहा:) ऐतिहासिक एवं पौराणिक आख्यानसित गाँसेको विहार भएर पनि यस विहार बारे धेरैलाई जानकारी नभएको हुनाले यस विहारबारे जनमानसमा जानकारी गराउने उद्देश्यले यो विहारको अध्ययन र अनुसन्धान गरेर सोधपत्र तयार गर्न लागेको हो ।

२००७ साल अगाडीसम्म यो विहार वेवारिस रुपमा रहेको थियो । राणा शासन समाप्त भएपछि मात्र यो विहारको स्वरुप फेरे पछि यहाँ चहलपहल शुरु भएको हो । तर पनि यस विहारको सांस्कृतिक ऐतिहासिक पक्ष बारे जनमानसमा जानकारी भएको थिएन । जुन यस शोधपत्रको माध्यमबाट केही मात्रा भए पनि जनमानसमा जानकारी गर्न मद्दत मिल्ने छ भन्ने आशा राखेको छु ।

विहारमा अनुसन्धानको सिलसिलामा जाँदा यहाँ अन्य विहारको दाँजोमा धेरै शिलापत्र नपाएको र अन्य पुरानो देवी देवताहरुको मूर्ति नभएको हुनाले यस विहारको भित्री ऐतिहासिक कुराहरु बढी मात्रामा थापा पाउन सकिएन । त्यहाँ भएको मन्दिर, मूर्ति, शिलापत्रहरुको वस्तुको अध्ययन अनुसन्धान गरी थाहा पाएका कुराहरु यस शोधपत्रमा उल्लेख गरेको छु । साथै यस विहारसित सम्बन्धित व्यक्ति तथा विहार बारे जानकारी हुने महानुभावहरुबाट सोधपुछ तथा अन्तर्वाता गरि जानकारी भएका कुराहरु यस सोधपत्रमा समावेश गरिएको छ ।

### निष्कर्ष :

मैत्री करुणा धर्मचक्र महाविहार ऐतिहासिक दृष्टिकोणले महत्वपूर्ण विहार भएकोले यसलाई संरक्षण तथा सम्बर्द्धन गर्नु यस विहारसित सम्बन्धित व्यक्ति, संघ, सदस्य तथा सरकारको दायित्व हो । यस विहारको अस्तित्व मेटिने गरिकन विहारको जग्गा जमीन हडप्ने जस्ता कृयाकलाप रोक्नु जनता तथा सरकारको दायित्व हो । यस कुरालाई जनमानस, सरकार तथा विहारका सदस्य समक्ष पुऱ्याउनका लागि मेरो यो सोधपत्र केही हदसम्म मद्दत मिल्ने छ भन्ने विश्वास राखेको छु ।

# परिशिष्ट

## अभिलेख

**१)	आगम छेँमा रहेको ढुङ्गाको शिलापत्रमा लेखेको अभिलेख ।**

स्वस्ति श्री ५ वीरेन्द्रया राज्ये लायकूबहिया बज्राचार्य देथाय्पा भोजमानपति स्वभार्या अष्टमाया, कायपिं गंगामान, प्र.गो.द.बा यज्ञमान, छत्रमान, ज्ञानमान व सकल जहानया धर्म चित्तं श्री मैत्री वोधिसत्वया जिर्णोधार यानाजुल थ्व ज्याये मुलाचार्य स्वयम् भोजमान, उपाध्या अमोघ वज्र कर्माचार्य आनन्द मूनि जुल थ्व पुण्य सकल प्राणि उधार जुयमाल । नेपाल सम्वत १०९८ सिल्लागा एकादशी उत्राषाद नक्षत्र वलियान योग आदित्यवारस परिस्थाजुल शुभम् ॥

**२)	मैत्री वोधिसत्वको अगाडी मार्वल ढुङ्गामा लेखिएका अभिलेख ।**

वाक्य :

श्री मैत्री वोधि सत्वम्हसँ जिर्णोधार<br>
	श्री ५ वीरेन्द्र राज्य कालस<br>
देथायपा भोजमान पति वज्राचार्ये<br>
	पाखे जुल<br>
विक्रम सं. २०३४ साल फागुण<br>
	एकादशी आदित्यवार ।

**३)	क्वापाद्यो भित्रको पित्तलले मोडेको माथि वज्र भएको धर्म धातु मण्डलमा कुँडिएको अभिलेख ।**

शुभ संवत १०७० थींलाथ्व १० स. भोटाहिटीया दानरत्न स्वभार्य सुवर्ण प्रभा, पुत्र चीत्तरत्न तस्य भार्या शीलदेवी पौत्र धनरत्न, पुत्री दानप्रभा, न्हुच्छेप्रभा, देवीप्रभा तता ज्ञानलक्ष्मी केहेँ पुण्यलक्ष्मी दिपंगत स्वपीता हर्षरत्न, माता दानलक्ष्मी दाजु धन्यरत्न चैत्यरत्न कीजा मोहन रत्न हर्ष लक्ष्मी सप्त लक्ष्मी थुली सकलया धर्म चीत्त उत्पत्ती जुया थ्व श्री जमोवाहलस श्री मैत्री वोधीसत्वया थासय् मंदलपा १ व वज्र ग्व १ दुता जुल थुगु पुन्यया प्रभाव सकल प्राणी उधार जुयमा शुभम् ।

### ४)  जनमाद्योको मन्दिरसंगै रहेको वज्रधातु चैत्यमा लेखेको अभिलेख ।

ऊँ नमो त्रिरत्न शरण । ऊँ धर्मधातु भ्यो नमो । तरमूल महाविहार लायकुबहि जन्म जुम्ह थकाली गोपाल वज्राचार्य श्रीमती नानी मैया वज्राचार्य काय् बाबु राजा वज्राचार्य छय् नरोत्तम वज्राचार्य सहित परिवारया धर्म चित्त उत्पत्ति जुया विश्व शान्ति तथा जगत संसारे च्वंपि सकल प्राणी उधार जुयेमा । स्व. कायभाजु चन्द्रमान वज्राचार्यया दुर्गति मोचन सुखावति भुवन वास लायेमा धैगु कामना यासे का.म.न.पा. वडा नं. १, मैत्री धर्मचक्र महाविहार जमबाहाः थासय् बज्रधातु चैत्य यानागु जुल । बिक्रम सम्बत् २०५६।१।१५ गते पादस्थापनायाना २०५६।१।२५ गते रत्नन्यास याना २०५६।३।१२ गते दशकर्म प्रतिस्था यानागु जुल ।

# यस विहारमा पढ्ने धार्मिक श्लोकहरु :

## १) मैत्रीय वोधिसत्व धारणीः

ओम् नमो भगवत्ये मैत्रीयनाम वोधिसत्वाय महासत्वाय तद्यथा ओम् अजिते अजिते अजितजय हरहर महामैत्री अवलोकेतेश्वराय कर कर महासमय सिद्धिभर सिद्धिभर महावोधि मण्डप विजये सम्भर सम्भर वोधि वोधि माहावोधिये स्वाहा । मोही-मोही महामोहि स्वाहा । मति मति स्मरे स्वाहा ।

## २) प्रज्ञापारमिताको मन्त्र :

ओम गते गते पारंगते पारसंगते वोधि स्वाहा
ओम् पिचु पिचु प्रज्ञावद्धति ज्वलज्वल मेघावर्दति घिरि घिरि बुद्धि बुद्धर्वनि स्वाहा ।
ओम् प्रज्ञे महाप्रज्ञे ऋतिस्मृति विजयघी स्वाहा ।

## ३) षदक्षरी लोकेश्वरको मन्त्र :

ओम् महापुख वज्रसत्व जःहूँ वँ हो सुरत सत्व अलतल हो अः अः अः अः
ओ मणि पद्मे हुँ ।

## ४) जनवाहाद्योःको श्लोक :

धन्य धाये लोकेश्वर प्राणी रक्षा यातरे ।
कनकचैत्य न्ह्यने तसे ध्यान मिखां स्वस रे ।
देवदैत्य नाग यक्ष सकल उद्धार यातरे ।१।

अभिताम शिरय तसे लोक उद्धार यातरे ।
सहस्रदल पलेस्वानं ज्वनाव विज्यातरे ।२।

नागराजां क्वखासे अभय वर बियावरे ।
सप्त लोचनी आर्यातारा जवंखवं तयावरे ।३।

हीरामोति फुसेतया लुंयागु तिसा तियावरे ।
स्वस्वं किकिं स्वये मगाक वसपोलया तेजरे ।४।

अनाथ अज्ञानी जुसे शरण छपिं थाये वया रे ।
पाप दक्व नाश प्रभु रोग शान्त यावरे ।५।

ल्हाकम्ह अनाथ जुसे दुगु दक्व क्षमारे ।
मनोरथ पुरेयाना बिव छलपोलं जगत यातरे ।६।

**५) निलसा लिने बेलामा गुरुजुले पढ्ने दानगाथा :**

ॐ अद्य श्री मत् श्री शाक्यसिंह तथागतस्य बुद्धक्षेत्रे भद्रकल्पे वैवश्वत मन्वन्तरे हिमवत पर्वत राज्ञो दक्षिण पार्श्वे भरतखण्डे भारतवर्षे सत्य त्रैता द्वापरान्ते कलियुगस्य पथमचरणे जम्बुद्वीपे वासुकी क्षेत्रे आर्यावर्त पुण्यभुमौ नेपालदेशे वागमत्या पश्चिमभागे, शंकरनद्याः उत्तर पार्श्वे बिष्णुमत्याः पूर्वीदिशा, केशावत्या दक्षिणकोणे, गोपुच्छगिरिवरे सुदुर्जया भूमिभागे उपछन्दो पीठे श्रीहेरुक विरुपाक्ष खगाननाधिवासिते अनेक देवालय स्थाने श्री स्वयम्भू चैत्य धर्मधातु वागीश्वर सन्निधाने ।

अद्यमासानम् अद्य अमुक नाम संवत्सरे । श्री सूयं उत्तरायणें वा दक्षिणायणे । अमुक ॠतौ । अमुक मासे । अमुक पक्षे । अमुक पुण्यतिथौ । अमुक नक्षत्रे । अमुक योगे । अमुक करणे । अमुक वासरे । अमुक राशिगते भास्करे । अमुक राशिगते चन्द्रमसि ।

दानपति यजमान नेपालमण्डले, कान्तिपुर महानगरे अमुक विहार । अमुक प्रतोल्ये । अवस्थित यजमान प्रभृति सकल परिवारणां रक्षां उद्धार कामनार्थे ज्ञात ज्ञातकृत सकलपाप नाश कामनार्थ काय वाक्चित परिशुद्ध, कामनार्थ, अमुक यजमानस्य दिवंगत स्व. पिता ( बाबुको मुख हेर्ने दिन) स्व. माता (आमाको मुख हेर्ने दिन) अमुक नामधेयाय वर्षासम्बत्सरी श्राद्ध दिने निसला दानार्थे एतत्पुण्येन दिवंगत अमुकस्य असिपत्र वनिपत्र षोडशनरकान उद्धारकामनार्थ श्री सुखावति भूवने अभिताभ तथागत चरण कमले वासकामनार्थ सर्वसत्वप्राणी उद्धारकामनार्थं अन्त अनुत्तराय सम्यक सम्बोधिज्ञान फल प्राप्ति कामनार्थ मन्जुश्रिये कुमार भुत्ताय वोधिसत्वाय महासत्वाय माहाकारुणिकाय श्री गुरुवज्राचार्य इदंदान संकल्पया म्यहम् ।

# सन्दर्भ ग्रन्थ सूची


१) उपाध्याय बासुदेव, **प्राचिन भारतीय स्तूप गृह एवं मन्दिर**, विहार ।

२) प्रधान भुवन लाल, **नेपालमा बौद्धधर्म**, नेपालराजकीय प्रज्ञापष्ठिान, काठमाडौं, वि.सं. २०४५ ।

३) बज्राचार्य अमोधबज्र, **लोकेश्वरया परिचय**, लोकेश्वर संघ नेपाल, ने.सं. १०९९ ।

४) बज्राचार्य कमलमान, **जमलबहालको सारांश परिचय**, बृद्धिहर्ष बज्राचार्य, ने.सं. ११२५ ।

५) बज्राचार्य दुण्डबहादुर, **दिर्घ निकाय**, पवित्र बहादुर बज्राचार्य, हिरादेवी बज्राचार्य, अशोकरत्न बज्राचार्य ।

६) बज्राचार्य धनबज्र, **लिच्छविकालको अभिलेख**, नेपाल एशियाली अनुसन्धान केन्द्र, कीर्तिपुर, वि.सं. २०३० ।

७) बज्राचार्य मुनीन्द्ररत्न, **नेपालका चार प्रसिद्ध लोकेश्वर**, प्रमोद हर्ष बज्राचार्य, वि.सं. २०५८ ।

८) बज्राचार्य नरेन्द्रमुनी (सं.), **मैत्री पत्रिका स्वीस्वसः कोति द्यःगुथि**, मणिसिद्धि महाविहार, मुसुबहाः, यें ।

९) बज्राचार्य रत्नकाजी व विजयरत्न, **नेपाः देया विहारया ताःचा**, मन्त्रसिद्धि महाविहार, सवलबहाल, ई.सं. १९८३ ।

१०) बज्राचार्य राजेन्द्रमान (सं.), **शान्तिका लागि बहा(बुद्ध) पूजा**, ल्यायम्हः धिमेपुचः, वि.सं. २०६२ ।

११) बज्राचार्य सर्वज्ञरत्न (सं.), **चिभाःद्यया स्थापना व चिभाः पूजा**, नानीमैया बज्राचार्य र वाबुराजा बज्राचार्य, काठमाडौं ।

१२) भिक्षु अमृतानन्द, **धम्मपद कथा भाग १**, (अनुवादित) आनन्दकुटी विद्यापीठ, ने.सं. १०६४ ।

१३) भिक्षु प्रज्ञानन्द (अनुवादक) **अनागतवंश**, सत्यसन्देश प्रचारक प्रकाशन-९ ।

१४) रेग्मी जगदिशचन्द्र, **नेपालको धार्मिक इतिहास** द्वीतिय संस्करण, काठमाडौं, राजकीय प्रज्ञा प्रतिस्थान, २०३९ ।

१५) भिक्षु सुदर्शन, **नेपाल विहारका विशेषताहरु**, २०४१ ।

१६) शाक्य तिर्थरत्न, **नेपाल मण्डलका बौद्धहरुको धार्मिक अभ्यास र जीवन शैली**, वुद्धधर्म अध्ययन गोष्ठी, काठमाडौं, वि.सं. २०६५ ।

१७) शाक्य हेमरत्न, **नेपाल बौद्ध विहार ग्रन्थसूचि**, धर्मोदयसभा, काठमाडौं, बु.सं. २५०० ।


१८) Daniel Wright, **History of Nepal**, Delhi Low Price Publication 1995 (Reprint).

१९) Locke John K., **Karunamaya**, Sahayogi Parakashan, Kathmandu 1980 AD.

२०) Locke John K., **The Buddhist Monastries of Nepal**, Sahayogi Parakashan, Kathmandu 1985 AD.

२१) Regmi Dilli Raman, **Ancient Nepal** Form K. L. Mukhopadhyay, Calcutta, 1969 AD.


# नक्सा


MAITRI KARUNA DHARMACHAKRA MAHAVIHAR
AT
JAMAL, KANTIPATH
KATHMANDU
LEGEND
Building
Lamp
Temple
Tree
Scale : 1"=16'-0"
Date : 22 Sept. 2002
Drg. No. : 251
GRAPHIC SURVEY & DESIGN CONSULT
Jyatha, Chhusyabahal, Kathmandu
Tel : 245832, 267712
Fax : 977-01-267712
WELL
P-1
75.35 ft
73.03 ft
67.55 ft





श्रोत: https://www.google.com.np/maps/place/जमल+काठमाडौं

# हर्षमानपतिको वंश वृक्ष




श्रोत : मोहनमान बज्राचार्य, वि.सं. २०५८ सम्मको वंशवृक्ष ।

# लायकुबहिको वंशवृक्ष




श्रोत : मोहनमान बज्राचार्य, बि.सं. २०५८ सम्मको वंशवृक्ष ।

# अन्तर्वार्ता सूचि

| क्र.सं. | नाम | वर्ष | ठेगाना |
|---|---|---|---|
| १. | पं. बद्रीरत्न बज्राचार्य | ८० | सवलबहाल |
| २. | थाकुलि (स्थवीर) मोहनमान बज्राचार्य | ७७ | जमलबहाल |
| ३. | पं. यज्ञमानपति बज्राचार्य | ७६ | लायकुबही (हाल कुलेश्वर) |
| ४. | ज्ञानीराजा बज्राचार्य | ६५ | जनबहाल |
| ५. | सर्वज्ञमान बज्राचार्य | ६० | धिम्हेलोंह |
| ६. | राजेन्द्रमान बज्राचार्य | ५८ | लायकुबही |
| ७. | रमेशमान बज्राचार्य | ४७ | ताहाचल |
| ८. | राजेशमान बज्राचार्य | ४० | ताहाचल |
| ९. | कृष्ण महर्जन | ६६ | इनबहाल |
| १०. | जोगमान महर्जन | ६४ | त्यौड |

# अन्तर्वार्ता सूचिमा रहेका व्यक्तिहरुको संक्षिप्त परिचय

**१. पं. बद्रीरत्न बज्राचार्य :** उहाँ बौद्ध विद्वानको रुपमा परिचित हुनुहुन्छ । उहाँले बौद्धधर्म सम्वन्धि थुप्रै पुस्तकहरु लेख्नुभएको छ ।

**२. मोहनमान बज्रचार्य :** उहाँ जमबाहाःको वर्तमान थाकुली (स्थवीर) हुनुहुन्छ । लायकुवहीका ज्येष्ठ व्यक्ति (थाकुली) भएको नाताले उहाँ जमबाहाःको रेखदेख, नित्यपूजा, पर्वपूजा चलाउनको लागी जमबाहाःमा थाकुली भएर बसीराखेको व्यक्ति हुनुहुन्छ । उहाँसंग लिएको अन्तर्वार्ताको क्रममा आएका विचारहरु र कुराहरु यस शोधमा उल्लेख गरिएको छ ।

**३. पं. यज्ञमानपति बज्राचार्य :** उहाँ बौद्ध विद्वानहुनुका साथै यस विहारसित सम्वन्धित खलक भएको नाताले यस विहारबारे बढी जानकारी भएको व्यक्ति हुनुहुन्छ । उहाँले बौद्धधर्म सम्वन्धि थुप्रै पुस्तकहरु लेख्नु भएका छन् ।

**४. ज्ञानीराजा बज्राचार्य :** उहाँ जनबहाः द्यो सम्वन्धि जानकारी हुने व्यक्तिहरु मध्ये एक हुनुहुन्छ ।

**५. सर्वज्ञमान बज्राचार्य :** उहाँले बौद्धधर्म अन्तर्गत कर्मकाण्ड सम्बन्धि पुस्तकहरु लेख्नु भएका छन् ।

**६. राजेन्द्रमान बज्राचार्य :** उहाँ लायकुवहीका सदस्य हुनुका साथै जमबाहाः सम्वन्धि ज्ञानहुने व्यक्ति पनि हुनुहुन्छ ।


**७. रमेशमान बज्राचार्य :** उहाँ वर्तमान जमबाहाःको थाकुलीका छोरा भएकाले जमबाहाः सम्बन्धि ज्ञानभएका व्यक्ति हुनुहुन्छ ।

**८. राजेशमान बज्राचार्य :** उहाँ पनि वर्तमान जमबाहाःको थाकुलीका छोरा भएकाले जमबाहाः सम्बन्धि ज्ञानभएका व्यक्ति हुनुहुन्छ ।


**९. कृष्ण महर्जन :** उहाँ जमबाहाः बारे थाहाहुने जममी ज्यापू हुनुहुन्छ ।

**१०. जोगमान महर्जन :** उहाँ पनि जममी ज्यापू हुन् । जमबाहाःमा गरिने धार्मिक तथा सास्कृतिक कार्यक्रमहरु बारे थाहा हुने व्यक्ति हुनुहुन्छ ।

# चित्रफलक



चि.फ.नं. १
मूल क्वापाःद्योको घर (द्योछेँ)



चि.फ.नं. २
मैत्री बोधिसत्व (क्वापाःद्यो) को मूर्ति



चि.फ.नं. ३
प्रज्ञापारमिताको मूर्ति



चि.फ.नं. ४
षदक्षरी लोकेश्वरको मूर्ति




चि.फ.नं. ५
सारिपुत्रको मूर्ति



चि.फ.नं. ६
मौदगल्यायणको मूर्ति



चि.फ.नं. ७
बज्रधातु मण्डल माथि बज्र राखेको मण्डल



चि.फ.नं. ८
तिन तल्लाको नयाँ बनाएको आगंछेँ




चि.फ.नं. ९
नाम संगीती देवताको मूर्ति



चि.फ.नं. १०
ढुंगाको शिलापत्र १




चि.फ.नं. ११
ढुंगाको शिलापत्र २



चि.फ.नं. १२
काठको कलात्मक टुंडालहरु



चि.फ.नं. १३
क्वापाःद्यो भएको घरको तिन तल्ला माथिको देवल



चि.फ.नं. १४
मूल देवता क्वापाःद्यो रहेको ढोका माथिको कलात्मक काठको तोरण



चि.फ.नं. १५
मूल देवता क्वापाःद्योको ढोकामा रहेको पञ्च बुद्ध



चि.फ.नं. १६
मूल देवताको घर दायाँ राखेको तिकिझ्या तथा सात वटा माने




चि.फ.नं. १७
मूल देवताको घर बायाँ राखेको तिकिझ्या तथा सात वटा माने



चि.फ.नं. १८.१
मूल देवता घरको ढोका अगाडि दायाँ राखेका दुई दुई वटा ढुंगाको सिंहहरुको मूर्ति



चि.फ.नं. १८.२
मूल देवता घरको ढोका अगाडि बायाँ राखेका दुई दुई वटा ढुंगाको सिंहहरुको मूर्ति



चि.फ.नं. १९
विहारको मूख्य चोकको बिचमा रहेको अशोककालिन चैत्य



चि.फ.नं. २०
पिण्ड सेलाउने ढुंगाको खाल्डो (प्यँगाः)



चि.फ.नं. २१
विहारको उत्तर तर्फ रहेको ऐतिहासिक ईनार




चि.फ.नं. २२
विहारको उत्तर तर्फ ईनारको अगाडि रहेको महादेवको ढुंगाको मूर्ति



चि.फ.नं. २३
विहारको उत्तर तर्फ पर्खालमा रहेको चतुर बुद्धको मूर्तिहरु



चि.फ.नं. २४
विहारको पूर्व तर्फ रहेको जनबाहाःद्यो (अमोघपास लोकेश्वर)को मूर्ति



चि.फ.नं. २५
विहारको पूर्व तर्फ रहेको जनबाहाःद्यो भएको मन्दिर



चि.फ.नं. २६
विहारको पूर्व पट्टि जनबाहाःद्योको मन्दिरसंगै रहेको ढुंगाको बज्रधातु चैत्य



चि.फ.नं. २७
विहार भित्र पस्ने पश्चिम तर्फको ढोका



चि.फ.नं. २८
विहार भित्र पस्ने मूल ढोकाको अगाडि रहेको नृत्यनाथको देवता (नासःद्यो)



चि.फ.नं. २९
धर्म किर्ति विहारबाट सञ्चालित बुद्ध पुजामा आएका श्रद्धालुहरु



त्रिविविपाखें जमःबाहाःया अस्तित्व खतराय्

यें (सन्ध्या टाइम्स)/ नेपाःया ऐतिहासिक सम्पदास्थल जमःबाहाःया अस्तित्व त्रिभुवन विश्वविद्यालयया कारणं खतराय् लाःवंगु दु। जनबाहाःद्यःया उत्पत्ति जूगु थाय् कथं कयातःगु जमबाहाःया नामं हे अन जमल धइगु त्वाःया नां च्वंवंगु खः। तर आः जमःबाहाः हे तनावीगु अवस्थाय् लाःवंगु कारणं देया छगू ऐतिहासिक सम्पदा नं नष्ट जूवनीगु खतरा ब्वलंगु दु।

जमबाहाःया जःखः च्वंगु खुल्ला सार्वजनिक चौरय् थौकन्हय् त्रिविविपाखें जनप्रशासन क्याम्पस दयेकेगु धकाः भवन निर्माण याःवःगु कारणं जमबाहाः खतराय् लाःगु खः। न्हापा उगु थासय् त्रिविविया परिक्षा नियन्त्रण कार्यालय च्वनाच्वंगु खः। आः उगु ज्याकू अनं दनाः बल्खुइ च्वंवन। परिक्षा नियन्त्रण कार्यालय अनं दना वनेवं उगु खालीगु थाय् लिजय् बीगु धकाः त्रिविविं विज्ञापन पिकाःगु खः। तर उगु खालीगु थाय् त्रिविवियागु हे खः धइगु भ्वं मदुगु कारण सुनां नं लिजय् मकाः। वयां लिपा त्रिविविं त्रिपुरेश्वरया जनप्रशासन क्याम्पसयात लिजय् बियाः जमबाहाःया खालीगु थासय् जनप्रशासन क्याम्पसया छें दंवल। तर छें दंसां नक्सा धाःसा पास याःगु मदुनि। न्हापा उगु खुल्ला थाय्या जःखः च्वंगु छेंय् जक त्रिविविया परिक्षा नियन्त्रण कार्यालय तयातःगु खः तर आः खुल्ला चौरय् तकं छें दंवःगु खनाः जमबाहाःलिसे स्वापू दुपिं व मेपिं स्थानीय मनूतय्सं ध्व खुल्ला चौरयात बचे यायेमाः धकाः उकियात पनेगु माग याःगु दु। उमिसं छगू समिति हे गठन यानाः उगु छें दनेगु ज्यायात पनाः खुल्ला चौर बचे यायेगु लागिं थीथी निकायय् धाःवनेगु ज्या यानाच्वंगु दु।

उगु थासय् २५०० दँ पुलांगु अशोक चैत्य, नासः द्यः दुसा अन हे गधु प्याखं हुइकीगु परम्परा नं दु। बाहाःपुजा जुइबलय् अन नं दुहां वनेमाः। राणाकाल स्वयां न्हय्‌ उगु बाहाःया जःखः गुर्जुपिनि छें नं दुगु खः। राणातय्सं उमित मुआब्जा बियाः अन धनाढ्यबसे विहारयात नाप धःपिनि दरबार दुने लाकाछ्वःगु खः। लिपा उगु थासय् त्रिचन्द्र कलेजया प्रोफेसरत च्वनीगु क्वार्टर दयेकाबिल। प्रजातन्त्र वयेधुंकाः वहे क्वार्टरयात परिक्षा नियन्त्रण कार्यालय दयेकूगु खः। तर अन परिक्षा नियन्त्रण कार्यालय तःसां उमिके उगु थाय्या लालपूर्जा धाःसा मदु।

धार्मिकस्थल बचे यायेमाः धकाः पशुपतिइ सदियौं पुलांगु मावनवस्ती तकं खाली याइम्ह सरकार मेखे जमःबाहालय् धाःसा धार्मिकस्थलया अस्तित्व हे मदइ कथं त्रिविविया छें दने बियाच्वगु खनाः स्थानीय मनूत अतिकं तम्वयाच्वंगु दु।

चि.फ.नं. ३०
जन प्रशासन क्याम्पस महाविहार परिसरमा स्थानान्तरण हुन लागेकोमा विरोध स्वरुप पत्रिकामा प्रकाशित समाचार १



## जनप्रशासन क्याम्पस महाविहार परिसरमा स्थानान्तरण हुन लागेकोमा कडा विरोध

*उपत्यका समाचारदाता*

काठमाडौं, चैत १९ गते । मैत्री बोधिसत्व महाविहार सहयोग समितिले त्रिभुवन विश्वविद्यालयको जनप्रशासन क्याम्पस जमलको महाविहार परिसरमा स्थानान्तरण हुन लागेकोमा सो कार्यको विरोध गरेको छ ।

विहारले लामो समयदेखि चर्चेको जग्गामा रहेका देवता, दुईहजार वर्ष पहिलेदेखिको अशोकको चैत्य, मैत्री बोधिसत्व उत्पत्ति भएको सो स्थानमा क्याम्पस सरेमा विहारको अस्तित्व नै हराउनसक्ने खतरा औंल्याउँदै समितिले क्याम्पसले शुरु गरेको भवन निर्माण कार्य तत्काल रोक्नसमेत माग गरेको छ ।

समितिका सदस्य सचिव कमलमान बज्राचार्यले देवता रहेको स्थानमा क्याम्पसले भवन बनाउन शुरु गरेकोमा आश्चर्यमा परेको बताउँदै निर्माण कार्य रोक्न काठमाडौं महानगरपालिकासँग आग्रह गरिएको बताउनुभयो ।

त्रिभुवन विश्वविद्यालयले भने आफ्नो अधिकार क्षेत्रभित्रको जग्गामा टहरा निर्माण गर्न लागेको जनाएको छ । जनप्रशासन क्याम्पसका क्याम्पस प्रमुख डा. गोविन्द ढकालले बलमिच्याइँपूर्वक निर्माण कार्य बन्द गर्न दवाब दिइएको बताउँदै विहारको क्षेत्रमा कुनै असर नपुऱ्याइने बताउनुभयो ।

त्रिविले सो परिसरभित्र त्रिपुरेश्वरमा रहेको जनप्रशासन क्याम्पसलाई स्थानान्तरण गर्ने निर्णय गरेको क्याम्पस प्रमुख ढकालले जानकारी दिनुभयो । हाल सो क्याम्पस रहेको जग्गा भने ३० वर्षका लागि कुनै एक व्यापारिक संस्थालाई भाडामा दिने त्रिविले निर्णय गरेको बताइन्छ ।

### उपत्यकामा आज

☐ कृषि क्षेत्रको दैवीप्रकोप व्यवस्थापन तालिम
स्थान : होटल अर्किड, त्रिपुरेश्वर


चि.फ.नं. ३१
जन प्रशासन क्याम्पस महाविहार परिसरमा स्थानान्तरण हुन लागेकोमा विरोध स्वरुप पत्रिकामा प्रकाशित समाचार २



चि.फ.नं. ३२
त्रिचन्द्र कलेजमा पढाउन भारतबाट झिकाईएका शिक्षकहरु बस्नको लागि बनाएको क्वाटर



चि.फ.नं. ३३
विहारको पर्खालको पूर्व पट्टी रहेको क्याम्पसको भवन




चि.फ.नं. ३४
जमलबाट विहार पस्ने मुख्य ढोका



चि.फ.नं. ३५
बसन्तपुर स्थित कुमारी बस्ने घर



चि.फ.नं. ३६
कुमारी घरको भित्र रहेको कुमारी चोक



चि.फ.नं. ३७
कुमारीको रथ राख्न बनाएको घर



चि.फ.नं. ३८
जमबाहा:को वर्तमान थाकुलि (स्थवीरको फोटो)



चि.फ.नं. ३९.१
जमल क्षेत्र स्थित सेतो दरवार




*Lal Durbar before the earthquake. It was built for Bhim Shumshere in 1890, and at the time was one of the largest Rana palaces. Its brickwork led to its being called the Red Palace. In 1923 its northern wing was destroyed by fire, and the earthquake caused further damage. Today a part is incorporated into the Hotel Yak and Yeti.*

चि.फ.नं. ३९.२
लाल दरवार



चि.फ.नं. ४०
जमल क्षेत्रबाट तान्न लागेको जनबहा:द्योको फोटो




**१. जमल**
**२. रानी पोखरी**
**३. असन टोल**
**४. जनबाहा**
**५. हनुमानढोका**
**६. लगन**
**७. लोकेश्वरको मन्दिर**

श्रोत: https://www.google.com.np/maps/place/जमल+काठमाडौं

चि.फ.नं. ४१
जनबहा:द्योको रथ तान्दा प्रयोग हुने मार्ग

# चित्र फलकको सूची


चि.फ.नं. १ मूल क्वापाःद्योको घर (द्योछैं)

चि.फ.नं. २ मैत्री बोधिसत्व (क्वापाःद्यो) को मूर्ति

चि.फ.नं. ३ प्रज्ञापारमिताको मूर्ति

चि.फ.नं. ४ षदक्षरी लोकेश्वरको मूर्ति

चि.फ.नं. ५ सारिपुत्रको मूर्ति

चि.फ.नं. ६ मौदगल्यायणको मूर्ति

चि.फ.नं. ७ बज्रधातु मण्डल माथि बज्र राखेको मण्डल

चि.फ.नं. ८ तिन तल्लाको नयाँ बनाएको आगंछैं

चि.फ.नं. ९ नाम संगीती देवताको मूर्ति

चि.फ.नं. १०, ११ ढुंगाको शिलापत्र १ र २

चि.फ.नं. १२ काठको कलात्मक टुंडालहरु

चि.फ.नं. १३ क्वापाःद्यो भएको घरको तिन तल्ला माथिको देवल

चि.फ.नं. १४ मूल देवता क्वापाःद्यो रहेको ढोका माथिको कलात्मक काठको तोरण

चि.फ.नं. १५ मूल देवता क्वापाःद्योको ढोकामा रहेको पञ्च बुद्ध

चि.फ.नं. १६ मूल देवताको घर दायाँ राखेको तिकिझ्या तथा सात वटा माने

चि.फ.नं. १७ मूल देवताको घर बायाँ राखेको तिकिझ्या तथा सात वटा माने

चि.फ.नं. १८ मूल देवता घरको ढोका अगाडि दायाँ बायाँ राखेका दुई दुई वटा ढुंगाको सिंहहरुको मूर्ति

चि.फ.नं. १९ विहारको मूख्य चोकको बिचमा रहेको अशोककालिन चैत्य

चि.फ.नं. २० पिण्ड सेलाउने ढुंगाको खाल्डो (प्यँगाः)

चि.फ.नं. २१ विहारको उत्तर तर्फ रहेको ऐतिहासिक ईनार

चि.फ.नं. २२ विहारको उत्तर तर्फ ईनारको अगाडि रहेको महादेवको ढुंगाको मूर्ति

चि.फ.नं. २३ विहारको उत्तर तर्फ पर्खालमा रहेको चतुर बुद्धको मूर्तिहरु

चि.फ.नं. २४ विहारको पूर्व तर्फ रहेको जनबाहाःद्यो (अमोघपास लोकेश्वर)को मूर्ति

चि.फ.नं. २५ विहारको पूर्व तर्फ रहेको जनबाहाःद्यो भएको मन्दिर

चि.फ.नं. २६ विहारको पूर्व पट्टि जनबाहाःद्योको मन्दिरसंगै रहेको ढुंगाको बज्रधातु चैत्य

चि.फ.नं. २७ विहार भित्र पस्ने पश्चिम तर्फको ढोका

चि.फ.नं. २८ विहार भित्र पस्ने मूल ढोकाको अगाडि रहेको नृत्यनाथको देवता ( नासःद्यो)

चि.फ.नं. २९ धर्म किर्ति विहारबाट सञ्चालित बुद्ध पुजामा आएका श्रद्धालुहरु

चि.फ.नं. ३०, ३१ जन प्रशासन क्याम्पस महाविहार परिसरमा स्थानान्तरण हुन लागेकोमा विरोध स्वरुप पत्रिकाहरुमा प्रकाशित समाचारहरु

चि.फ.नं. ३२ त्रिचन्द्र कलेजमा पढाउन भारतबाट झिकाईएका शिक्षकहरु बस्नको लागि बनाएको क्वाटर

चि.फ.नं. ३३ विहारको पर्खालको पूर्व पट्टी रहेको क्याम्पसको भवन

चि.फ.नं. ३४ जमलबाट विहार पस्ने मुख्य ढोका

चि.फ.नं. ३५ बसन्तपुर स्थित कुमारी बस्ने घर

चि.फ.नं. ३६ कुमारी घरको भित्र रहेको कुमारी चोक

चि.फ.नं. ३७ कुमारीको रथ राख्न बनाएको घर

चि.फ.नं. ३८ जमबाहाःको वर्तमान थाकुलि (स्थवीरको फोटो)

चि.फ.नं. ३९ जमल क्षेत्र स्थित सेतो दरवार र लाल दरवार

चि.फ.नं. ४० जमल क्षेत्रबाट तान्न लागेको जनबहाःद्योको फोटो

चि.फ.नं. ४१ जनबहाःद्योको रथ तान्दा प्रयोग हुने मार्ग